# सुनवर्षी नगरपालिकाको

# स्थानीय पाठ्यक्रम

# कक्षा १-८

# २०८०

**प्रकाशक**

# सुनवर्षी नगरपालिका

# मोरङ

## १. परिचय

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सीप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । यसलाई नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौँ योजना (२०७६-८०), राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ र एकीकृत पाठ्यक्रम २०७५ (कक्षा १-३) ले समेत पुष्ट्याइँ गरेको पाइन्छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेत प्रकाशन भई कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा यसको औचित्य प्रमाणित भएको छ। त्यसैगरी नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा

अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाईमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता समेत हो ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ जसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्दिष्ट गरेको छ ।

हाम्रो देशमा परिमार्जित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले (कक्षा १-३)/(कक्षा ४-८) मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको ८०% पाठ्यक्रम केन्द्रले र २० % पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने प्रावधान छ र सोही अनुरूप धेरैजसो विद्यालयमा कार्यान्वयन हुँदै आएको छ । त्यसैगरी कक्षा १-३ मा साप्ताहिक पाठ्यभारको ५ र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यभार र १२८ पाठ्यघण्टा बरावरको स्थानीय विषय/मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने दायित्व पनि स्थानीय तहलाई दिईएको छ ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार भई २०७७ सालदेखि देशभरका विद्यालयहरूमा कार्यान्वयन हुने प्राथमिक तहको पाठ्यक्रममा व्यवस्था भएअनुरूप कक्षा १ देखि ३ सम्म कुल १०० पूर्णाङ्कको वार्षिक १६० पाठ्यघण्टा र ४-८ मा १२८ घण्टा वार्षिक पाठ्यभार रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्दछ । त्यस शिलशिलामा मोरङ जिल्ला सुनवर्षी नगरपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि नगरपालिकाका प्रमुख सहित नगरकार्यपालिकाका सदस्यहरू, विद्यालयका शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरूको उपस्थितिमा मिति २०७७ जेठ ४ मा आयोजना गरिएको कार्यशालामा विद्यालयहरूमा यस वर्षको लागि पहिलो चरणमा कक्षा १ देखि ३ सम्मको र त्यस पछि क्रमशः कक्षा ४ देखि ८ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक, आर्थिक र सामाजिक मूल्य मान्यता तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन वाञ्छनीय रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणबद्धरुपमा लेखन, छलफल र अन्तरक्रियाबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि कक्षा १-३ मा लागू हुनेछ । त्यसपछि क्रमशः कक्षा ४ देखि ८ सम्मको लागू हुनेछ ।

## २. विषय क्षेत्र

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र स्थानिय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शनमा रहेको प्रावधान अनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मुलभूत रूपमा सुनवर्षी नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सीप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनलाई समेत महत्व दिएको छ । यस पाठ्यक्रमको विषयक्षेत्र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र स्थानीय पाठ्यक्रम

विकास तथा मार्गदर्शन २०७६ ले निर्दिष्ट गरेका विषयवस्तुलाइ यस नगरपालिकाको आवश्यकता अनुरुप निर्धारण गरिएको छ। तिनीहरूलाई तल प्रस्तुत गरिएको छ।

## ३. पाठ्यक्रमको औचित्य

स्थानीय पाठ्यक्रमको औचित्य स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औँल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन्

१. पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी

तुल्याउनु,

२ एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी

उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु,

३ स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु,

४ स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार

गर्न सक्ने तुल्याउनु,

५ स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु,

६ भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन

गर्नु,

७ स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु,

८ आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु,

९ स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु,

१० स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु,

११ आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु,

१२ स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु,

१३ विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,

१४ स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु र

१५ परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु ।

४ तहग

## ४ तहगत सक्षमता

### आधारभूत तह कक्षा (१-५)

**यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता प्राप्त हुने छन् :**

१. सुनवर्षी नगरपालिको स्थानीय मूल्यमान्यताका आधारभूत पक्षहरुलाई आत्मसात् गर्दै विविधताको सम्मान गर्न,

२. सुनवर्षी क्षेत्रमा गरिने मुख्य कृषि तथा जीविकोपार्जनका क्षेत्रहरु पहिचान गर्न तथा उपयुक्त व्यवसायमा सहभागी भई जीविकोपार्जन गर्न,

३. स्थानीय वनजङ्गल तथा पशुपक्षीको महत्व बुझी आवश्यकता अनुसार लाभ लिन र संरक्षण गर्न,

४. स्थानीय सम्पदाहरुप्रति परिचित भई संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहन,

५. स्थानीय सबै प्रकारका जातजाति र भाषाभाषी पहिचान गरी पारस्परिक सम्बन्ध विकास गरी सहिष्णुता कायम गर्न,

६. स्थानीय जातीय, साँस्कृतिक र धार्मिक सम्पदाहरु पहिचान तथा संरक्षण गर्न,

७. स्थानीय स्तरको प्रकृति, वस्तुस्थिति तथा भौगोलिक परिवेशप्रति परिचित हुन,

८. स्थानीय जलस्रोतहरुको पहिचान र संरक्षण गर्न,

९. स्थानीय वातावरण प्रदूषण पहिचान तथा उचित व्यवस्थापन गर्न,

१०. स्थानीय प्राकृतिक विपद्हरुको पहिचान गरी न्युनिकरणका उपायहरुप्रति सचेत रहन,

११. स्थानीय सवारी दुर्घटनाका कारणहरु, असरहरु र दुर्घटना रोकथाम तथा न्युनिकरण बारे सचेत रहन,

१२. स्थानीय बाजाहरुको पहिचान तथा संरक्षण गर्न,

१३. उचित आदर, मानसम्मान तथा सकारात्मक व्यवहार देखाउन,

१४. स्थानीय प्रथा र कुरीतिहरुको पहिचान गरी उपयुक्त व्यवहार गर्न,

१५. स्थानीय कृषिजन्य उत्पादनको पहिचान तथा महत्व बुझ्न,

१६. स्थानीय पेशा, व्यापार, पर्यटन र उद्योगको पहिचान तथा महत्व बुझ्न,

१७. स्थानीय विभिन्न खेलहरुको पहिचान र महत्व बुझ्न,

१८. योगको महत्व बुझी उपयुक्त योगका अभ्यासहरु गर्न ।

### आधारभूत तह कक्षा (६-८)

**यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता प्राप्त हुने छन् :**

१. सुनवर्षीको स्थानीय मूल्यमान्यता, जीवनोपयोगी सिप तथा मानवीय मूल्यसँग परिचित हुन,

२. सुनवर्षीको विविधताको पहिचान, सम्मान र सम्बर्द्धन गर्न,

३. सुनवर्षी नगरपालिकाको स्थानीय पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरु पहिचान गरी

उपयुक्त पेसामा छनौट गरी जीविकोपार्जन गर्न,

४. स्थानीय सम्पदाको पहिचान गरी आवश्यकता र महत्त्वबारे स्पष्ट हुन र सम्पदाको प्रवर्द्धन र

संरक्षणमा योगदान दिन,

५. सुनवर्षी नगरपालिकाका प्रमुख जातजाति र भाषाभाषीबारे परिचित भई पारस्परिक

सम्वनध विकास र सहिष्णुता कायम गर्न,

६. स्थानीय वस्तुस्थिति तथा भौगोलिक परिवेशसँग परिचित हुन,

७. विशिष्ट व्यक्तित्व एवम् अग्रजहरुको असल कार्य अनुसरण गर्न,

८. स्थानीय संस्कार, संस्कृति एवम् चाडपर्वहरूसँग परिचित हुन र चाडपर्वहरुको विशेषता बताउन,

९. स्थानीय विशिष्टव्यक्तित्वहरुलाई सम्मान व्यक्त गर्न,

१०. स्थानीय वातावरण प्रदूषणप्रति सचेत रही अवस्थानानुकूल उचित व्यवहार प्रदर्शन गर्न,

११. विपद व्यवस्थापन तथा सवारी दुर्घटनाप्रति सचेत रहँदै सुरक्षित रहने उपायहरुको अवलम्वन गर्न,

१२. स्थानीय खेलहरुको प्रबर्द्धन र संरक्षण गर्न,

१३. योग अभ्यासहरुको महत्व बुझी योग अभ्यासहरु गर्न ।

## विषयः हाम्रो सुनवर्षी

| कक्षा | साप्ताहिक पाठ्यघण्टा | वर्षिक कार्यघण्टा |
|---|---|---|
| कक्षा(१-३) | ५ | १६० |
| कक्षा(४-८) | ४ | १२८ |

# ५. विषयवस्तुको छनौट

## इतिहास र संस्कृति

१. संस्कृति, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, पुरातात्विक ऐतिहासिक स्थल, वस्तु, ऐतिहासिक व्यक्तित्व, प्राचीन स्मारक, स्थानीय समुदायको इतिहास,

२. मठमन्दिर, पाटीपौवा, चैत्य, स्तूप, विहार, मदरसा,

३. स्थानीय स्तरमा मनाइने विभिन्न धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल,

४. स्थानीय समुदायका आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कार,

५. स्थानीय स्तरमा बोलिने भाषा, भाषिका र तिनीहरूको संरक्षण,

६. स्थानीय स्तरका क्लब, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घ संस्था ।

## भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग

१. स्थानीय परिवेशको धरातलीय स्वरूप,

२. स्थानीय परिवेशको जङ्गल, रुखबिरुवा, खोला, नाला, ताल, पोखरीको मूल, जडीबुटी, जीवजन्तु,

३. स्थानीय प्राकृतिक स्रोत र सम्पदा,

४. हावापानी, मौसम ।

## परम्परागत तथा प्रचलित स्थानीय सिप र कला

स्थानीय परिवेश अनुसार परम्परागत रूपमा प्रचलित वा लोपोन्मुख विभिन्न किसिमका कला, सङ्गीत, नृत्य, गायन, चकटी बुन्ने, गुन्द्री बुन्ने, सुकुल बुन्ने, चित्र कोर्ने, गीत गाउने, गीत लेख्ने, मादल बजाउने, डम्फु बजाउने, खैँजडी बजाउने, हार्मोनियम बजाउने, टुङ्ना बजाउने, पन्चेबाजा बजाउने, स्थानीय नृत्य देखाउने ।

## स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण

१. फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य,

२. आफ्नो वरपरको वातावरणीय तत्वको अवस्था र संरक्षणका उपाय,

३. योगाभ्यास, कपर्दी, चुँगी खेल, भुस दौड, बाघको छाला, गट्टा, डन्डिबियो, हवाई कासा, राजा कपर्दी, एकखुट्टे,

४. शारीरिक ब्यायाम, दैनिक आहारविहार, परम्परागत प्राकृतिक उपचार, आनीबानी,

५. आयुर्वेद, जडीबुटीको प्रयोग ।

## विविध

१. स्थानीय स्तरका कृषि, पन्छी तथा पशुपालन, उद्योग, पर्यटन, जडीबुटी तथा अन्य आयआर्जनका क्षेत्रमा पेसा तथा व्यवसायको  परिचय,

२. करेसाबारी, बगैंचा, कौसी तरकारी,

३. स्थानीय सरकारको बनोट र कार्यहरू, स्थानीय शिक्षाको अवस्था,

४. प्राकृतिक प्रकोप,

५. उपभोक्ता सचेतना,

६. स्थानीय उद्योग र पर्यटन,

७. जोखिम व्यवस्थापन ।

माथि दिइएका विषय क्षेत्रहरू उदाहरण मात्र हुन् । यीबाहेक स्थानीय परिवेशमा अनेकौ विषयक्षेत्र र विषयवस्तु हुन सक्ने र प्रयोग गर्न सकिने अवस्थालाई मध्यनजर गरेर तिनीहरूमध्येबाट आवश्यकता हेरी एक वा सोभन्दा बढी पनि छनोट गरी पाठ्यक्रमको संरचनामा ढालेर पठनपाठन गर्न सकिने कुरालाइ आधार बनाएर यो पाठ्यक्रम जारी गरिएको छ ।

# ६ विषयक्षेत्र र क्रम

## कक्षा १-३

| विषयक्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| स्थानीय जनसंख्या, वातावरण र जैविक विविधता | वातावरणको परिचय | आफ्नो वरिपरी भएका सजीव र निर्जीव वस्तुहरू | वातावरणको परिचय<br>वातावरणबाट हुने फाईदाहरू | स्वच्छ वातावरणको परिचय र फाईदाहरू |
| | भौगोलिक अवस्था | आफू बसेको ठाउँको वडा तथा स्थानीय तहको नाम र ठेगाना | आफू बसेको ठाउँको भौगोलिक अवस्था<br>आफ्नो ठाउँमा आउने | आफू बसेको ठाउँको नक्सा<br>आफ्नो ठाउँको भौगोलिक अवस्थाको जानकारी |

| | | | | |
|---|---|---|---|---|
| | | आफ्नो वरपरको सडक र बाटोको नाम | बाटाहरूको पहिचान र<br>छिमेकी वडा र स्थानीय<br>तहको नाम | |
| | जैविक विविधता | घरपालुवा जनावरहरूको नाम<br>वन्यजन्तुहरूको नाम | स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरूको जानकारी | स्थानीय बोटविरुवाहरूको जानकारी |
| | जलस्रोत | पानीका स्रोतहरूको नाम | स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरू र उपयोग | पानीका स्रोतहरू फोहोर हुने कारणहरू |
| | वतावरण प्रदूषण | | | |
| | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको परिचय | व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपारिको वातावरणको सरसफाई | फोहोरमैलाको प्रकार ( कुहिने नकुहिने) |
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरू | विभिन्न प्रकोप र विपत्तिहरूको नाम | स्थानीय क्षेत्रमा भएका तथा हुनसक्ने प्रकोप/विपद्को पहिचान | • कृत्रिम तथा मानवीय कारणले हुने विपत्तिहरू र सवारी दुर्घटनाका कारणहरू |
| धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म, रितीरिवाजको पहिचान | स्थानीय जातजातीको नाम<br>स्थानीय साँस्कृतिक, धार्मिक ठाउँको नाम | स्थानीय जातजातीको आदिम पेशा र व्यवसाय<br>पहिचान स्थानीय साँस्कृतिक धार्मिक ठाउँहरूको सूची र सामान्य परिचय | स्थानीय क्षेत्रमा बोलिने भाषा<br>स्थानीय साँस्कृतिक, धार्मिक ठाउँहरू |

| | | | | |
|---|---|---|---|---|
| | परम्परागत संगीत तथा बाजाको पहिचान र महत्व | | • परम्परागत बाजाको समान्य परिचय | पर्व तथा अवसर विशेषमा बजाइने परम्परागत बाजाहरू |
| सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | साथी, घरपरिवार, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार | साथी र गुरुहरूसँग घुलमिल घरपरिवारमा हुने सदस्यहरूको नाम जस्तै बुवा, आमा, दाजु, भाइ, दिदी, वहिनी | साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल र आदर सत्कार | साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग मित्रवत् व्यवहार र आदर सत्कार |
| | समाजको अवधारणा र सामाजिक कुरीतिहरू | | | • पैँचो र सापटी<br>• छुवाछुत र यसका असरहरु |
| स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि | स्थानीय कृषि बालीनालीको नाम | कृषि पेशामा बालीनालीको प्रकारको सूची | कृषि उत्पादनको परिचय |
| | व्यापार | स्थानीय पेशा व्यवसायको नाम | आफ्नो वरिपरी भएका विभिन्न पेशा व्यवसायको पहिचान | स्थानीय समाजमा गरिने पेशा र व्यवसायको सूची |
| | उद्योग | घर परिवारका सदस्यहरूले गर्ने काम | स्थानीय क्षेत्रमा भएका उद्योगहरूको नाम | स्थानीय उद्योग र उत्पादित वस्तुहरू |
| | पर्यटन | स्थानीय पर्यटकीय ठाउँहरूको नाम | पर्यटकीय क्षेत्रहरूको सूची | पर्यटकीय क्षेत्रहरूको सामान्य परिचय |
| स्थानीय खेलहरू र योगाभ्यास | स्वास्थ्य र स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय | स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय | स्थानीय स्तरमा खेलिने खेलहरूको सामान्य अभ्यास | स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची सहित अभ्यास |

| | | | | |
|---|---|---|---|---|
| | योग तथा ध्यान | • योग तथा ध्यानको परिचय | • विभिन्न योग तथा ध्यानको सूची | योग तथा ध्यानको प्रारम्कि अभ्यास |

**कक्षा ४-५**

| विषयक्षेत्र | विषयवस्तु | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|
| स्थानीय जनसंख्या, वातावरण र जैविक विविधता | वातावरणको परिचय | • राजवंशी जाति<br>• बस्ती<br>• वातावरणका तत्वहरु | • जातिगत समन्वय<br>• बस्ती<br>• मानव निर्मित र प्राकृतिक वातावरणको परिचय |
| | भौगोलिक अवस्था | • स्थानीय भूबनोट<br>• विद्यालयको स्थिति तथा वडाको जानकारी | • सुनवर्षी<br>नगरपालिकाको चिनारी<br>• नगर<br>कार्यपालिकाको गठन |
| | जैविक विविधता | • स्थानीय<br>बोटविरुवाहरूको महत्व | • स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा पशुपक्षी र तिनको महत्व |
| | जलस्रोत | • पानीका स्रोतका संरक्षणका उपायहरु<br>• बकाहा खोला | • जमिनमुनिको पानी<br>• पानी शुद्धिकरणका उपायहरु |
| | वतावरण प्रदूषण | • स्थानीय वातावरण प्रदूषणको परिचय | • स्थानीय वातावरण प्रदूषणका प्रकार(जल, जमिन, वायु र ध्वनी) |
| | फोहोरमैला व्यवस्थापन | • फोहोरमैलाको वर्गीकरण( ठोस र तरल) | • फोहोमैलाको असर |

| | | | |
|---|---|---|---|
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरू | • हावाहुरी, चट्याङ, आगलागी(वन, घर) को परिचय<br>• सवारी दुर्घनाका कारणहरु | • बाढी, पहिरो, भूक्षय तथा भूकम्पको परिचय र कारणहरुको पहिचान<br>• सवारी दुर्घटनाबाट हुने असरहरु |
| धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म, रितीरिवाजको पहिचान | • स्थानीय क्षेत्रमा बोलिने भाषहरुको परिचय<br>• स्थानीय ऐतिहासिक स्थलहरुको परिचय<br>• सुनवर्षीका मुख्य चाडपर्वहरु | • स्थानीय भाषा र ऐतिहासिक स्थलको महत्व<br>• स्थानीय चाडपर्वहरुमा गरिने क्रियाकलापहरु<br>• सुनवर्षीका धार्मिक तथा साँस्कृतिक संस्थाहरु |
| | परम्परागत संगीत तथा बाजाको पहिचान र महत्व | • पर्व तथा अवसर विशेषमा जात विशेषले गाउने गीत तथा बजाउने बाजाहरु( धिमे, बाँसुरी, झ्याम्टा, शङ्ख, डमरु, सारङ्गी, ढोलक, मृदङ्ग, हारमोनियम आदि) | • स्थानीय क्षेत्रका परम्परागत गीत, नृत्य र बाजाहरुको महत्व |
| सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | साथी, घरपरिवार, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार | • अग्रज तथा मान्यजन र अशक्तहरुलाई<br>• सहयोग, सम्मान, सम्बोधन, असल आचरण र आपसी सहयोग | • स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सभ्यताको पहिचान र ग्रहण |
| | समाजको अवधारणा र सामाजिक कुरीतिहरू | • घरायसी कामकाजका सहयोग र सहकाय<br>• कर्मप्रति आस्था र मोहको प्रेरणा | • स्थानीय समुदाय र समाज बनोटको परिचय<br>• टोल, वडा, संघ संस्था आदिको आवश्यकता र महत्व |
| स्थानीय पेशा, व्यवसाय र | कृषि | • कृषि उत्पादनको प्रकार( अन्न, दलहन र तेलहन) | • कृषि उत्पादनको महत्व |

| | | | |
|---|---|---|---|
| आर्थिक क्रियाकलाप | व्यापार | • व्यापार र पेशाको परिचय | • व्यपार, पेशा र व्यवसायको फाइदा |
| | उद्योग | • उद्योगको परिचय र वर्गीकरण | • उद्योगका फाइदाहरु |
| | पर्यटन | • स्थानीय विभिन्न पर्यटकीय क्षेत्रहरुको परिचय | • पर्यटकीय क्षेत्रको वर्गीकरण |
| स्थानीय खेलहरू र योगाभ्यास | स्वास्थ्य र स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय | • आसनको परिचय र अभ्यास<br>• कबडी खेलको परिचय, नियम र अभ्यास | • त्रिकोणासनको परिचय, नियम र अभ्यास<br>• दौडको परिचय, नियम र अभ्यास |
| | योग तथा ध्यान | • योग तथा ध्यानको छोटो परिचय<br>• योगसँग सम्बन्धित अभ्यासहरुको परिचय | • योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरुको परिचय<br>• योगका प्रारम्भिक अभ्यासहरु |

**कक्षा ६-८**

| **विषयक्षेत्र** | **विषयवस्तु** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|---|
| स्थानीय जनसंख्या, वातावरण र जैविक विविधता | वातावरणको परिचय | मुख्य वस्तीको चिनारी<br>• वडागत जनसंख्या<br>• वातावरण र मानवबीचको अन्तर्सम्बन्ध | बसाइँसराई<br>वडागत जातजातिगत विवरण<br>• वातावरण विनाशका कारणहरु | • नगरपालिकाको जात जातिगत जनसंख्या<br>• वातावरण विनाश न्युनिकरणका उपायहरु |
| | भौगोलिक अवस्था | सुनवर्षी नगरपालिकाको | • सुनवर्षी नगरपालिकाको नक्सामा | • नगरपालिकाको भौगोलिक |

| | | | | |
|---|---|---|---|---|
| | | वडा र वडा कार्यालयहरुको अवस्थिति<br>• सुनवर्षी नगरपालिकाको नक्सामा स्वास्थ्य तथा शैक्षिक संस्थाहरु | महत्वपूर्ण ठाउँहरु<br>• वडा समितिको परिचय र यसका कार्यहरु | अवस्थिति(अक्षांश र देशान्तर)<br>• सङ्केत र सडक सञ्जाल सहितको नक्सा (महत्वपूर्ण ठाउँहरु समेत) |
| | जैविक विविधता | • स्थानीय क्षेत्रमा पाइने चराहरुको संरक्षणको अवस्था<br>• वनको परिचय र प्रकार(निजि वन, सामुदायिक वन, धार्मिक वन, कबुलियत वन र राष्ट्रिय निकुञ्ज) | स्थानीय क्षेत्रमा पाईने जङ्गली जनावरको खतरा र संरक्षणको अवस्था<br>• सामुदायिक वनको परिचय र महत्व | • बकाहा तटबन्धनको रुख विरुवा र जीववन्तु<br>• राष्ट्रिय निकुञ्जको परिचय र महत्व |
| | जलस्रोत | • जलस्रोत संरक्षण तथा व्यवस्थापनको परिचय र महत्व<br>• सुनवर्षीका पोखरीहरु | • जलस्रोत संरक्षण तथा व्यवस्थापनका उपायहरु<br>• खानेपानी कार्यालयहरु<br>• स्थानीय पोखरीहरुको महत्व | • जलस्रोत संरक्षणमा विद्यार्थी, स्थानीय समुदाय र संघ संस्थाहरुको भूमिका<br>• विभिन्न जलस्रोतहरुको महत्व र सदुपयोग |
| | वतावरण प्रदूषण | • स्थानीय वातावरण प्रदूषणका कारण र प्रभावहरु(जल, जमिन, वायु र ध्वनी) | • स्थानीय वातावरण प्रदूषण न्यूनिकरणका उपायहरु (जल, जमिन, वायु र ध्वनी) | • स्थानीय वातारण प्रदूषण र जलवायु परिवर्तन<br>• जलवायु परिवर्तनले स्थानीय क्षेत्रमा पारेको असरहरु |

| | | | | |
|---|---|---|---|---|
| | | | • वतावरण प्रदूषण न्युनिकरणमा स्थानीय व्यक्ति, समुदाय र संघ संस्थाहरुको भूमिका | र तिनको न्यूनिकरण एवम् अनुकूलताका लागि स्थानीय स्तरमा गरिने उपायहरु |
| | फोहोरमैला व्यवस्थापन | • फोहोरमैला व्यवस्थापनको परिचय<br>• फोहोरमैला न्यूनिकरणका उपाउहरु( घटाउनु, पुनःप्रयोग र प्रशोधन) | • कम्पाष्टिङ्( गड्यौले मल) बनाउने, बिन कम्पोष्टिङ र पिट कम्पाष्टिङ गर्ने प्रक्रिया | • फोहोरमैला व्यवस्थापनमा स्थानीय व्यक्ति, विद्यार्थी, समुदाय तथा संघ संस्थाहरुको भूमिका |
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरू | • प्राकृतिक विपदहरुको रोकथाम तथा न्यूनिकरण गर्ने उपायहरु<br>• सवारी दुर्घटनाबाट बच्ने उपायहरु | • मानवीय क्रियाकलापद्वारा हुने विभिन्न विपद्हरुको रोकथाम र क्षती न्यूनिकरण गर्ने उपायहरु<br>• शहरी वा बजार सुरक्षा व्यवस्थापनको परिचय र अवस्था | • प्राकृतिक तथा कृत्रिम प्रकोप तथा विपद व्यवस्थापनको योजना निर्माण<br>• शहरी वा बजार सुरक्षाको व्यवस्थापनमा योजना निर्माण |
| धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म, रितीरिवाजको पहिचान | • सुनवर्षी नामाकरणको इतिहास<br>• स्थानीय जातजाति, भाषा र संस्कार<br>• विविध जातजातिको जन्म संस्कारको परिचय | • स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, मस्जित, गिर्जाघर, स्तूप तथा गुम्बाहरुको संरक्षण ।<br>• जतजातिग लुवाईखुवाईको विवरण | • स्थानीय जातजातिगत भाषा र संस्कारको संरक्षणका उपायहरु<br>• स्थानीय समुदाय तथा जातजातिको मृत्यु संस्कारको परिचय र विधि<br>• स्थानीय दलित, अल्पसंख्यकहरु, पिछडिएका, |

| | | | | |
|---|---|---|---|---|
| | | | • विविध जातजातिका विवाह संस्कारको परिचय | लापोन्मुख तथा सीमान्तकृत जातजातिको अवस्था र संरक्षणका उपायहरु |
| | परम्परागत संगीत तथा बाजाको पहिचान र महत्व | • परम्परागत बाजाहरु बजाउने तरिका र अभ्यास | • परम्परागत संगीत र बाजागाजाहरुको विकास र त्यसमा स्थानीय बासिन्दाहरुको भूमिका | परम्परागत संगीत र बाजाहरुको संरक्षणका उपायहरु |
| सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | साथी, घरपरिवार, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार | • सामूहिक तथा आपसी मेलमिलापको संस्कार<br>• लैङ्गिकमैत्री तथा सकारात्मक समन्वय | • स्थानीय असल संस्कारको अनुशरण एवम् अभ्यास<br>• विद्यालय तथा सामाजिक संघ संस्थाहरुको नियम पालना | • सामाजिकीकरणको परिचय र महत्व<br>• सामाजिक र नैतिक नियमको पालना<br>• सकारात्मक चिन्तन |
| | समाजको अवधारणा र सामाजिक कुरीतिहरू | • आर्थिक विभेद (धनी गरीबको भिन्नता)<br>• लैङ्गिक विभेद, जातीय विभेद, सामाजिक विभेद आदि)<br>• सामाजिक कुरीति र विभेद विरुद्ध स्थानीय स्तरमा गर्न सकिने कार्यहरु<br>• स्थानीय स्तरमा हुने धूम्रपान, मद्यपान, तथा | • आर्थिक विभेद ( धनी गरीबको भिन्नता) असर<br>• लैङ्गिक विभेद, जातीय विभेद, सामाजिक विभेद आदिको असर<br>• स्थानीय स्तरमा हुने धूम्रपान, मद्यपान, तथा लागू औषध जस्ता दुर्व्यसनको नियन्त्रणबाट हुने उपलब्धिहरु | • सामाजिक कुरीतिहरु(बाल विवाह, अनमेल विवाह,बहुविवाह आदि) का विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यहरु जस्तै घरदैलो सचेतना, पोष्टिङ, ऱ्याली, सडक नाटक आदि<br>• कुरीति नियन्त्रणार्थ जनचेतना वृद्धि गर्न र कुरीति नियन्त्रण गर्न स्थानीय संघ संस्था लगायत स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | | लागू औषध जस्ता दुर्व्यसन नियन्त्रणका उपायहरु | | कार्यपालिकाको सहभागितामा वृद्धि |
| स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि | कृषि उत्पादनका सामान्य विधिहरु | • कृषि पेशाको व्यवसायिकता<br>• फलफूल र करेसाबारी खेती | • नेपालको परिप्रेक्षमा कृषिको महत्व<br>• कृषि पेशाका चुनौतीहरु |
| | व्यापार | व्यापार, पेशा र व्यवसायमा वित्तीय संस्थाहरुको भूमिका | व्यापार, पेशा र व्यवसायको बजार व्यस्थापन | • उद्यमशीलताको परिचय<br>• विकासमा उद्यमशीलताको आवश्यकता |
| | उद्योग | स्थानीय विकासमा उद्योगको भूमिका | स्थानीय स्तरमा उदोगहरुको चुनौती र भविष्य | • स्थानीय अर्थ व्यवस्थामा उद्योगको योगदान<br>• उद्योग ह्रास हुने कारण र संरक्षणका उपायहरु |
| | पर्यटन | पर्यटकीय क्षेत्रको महत्व | पर्यटकीय क्षेत्रहरूको संरक्षणमा हाम्रो भूमिका | पर्यटकीय क्षेत्रहरूको पहिचान, विकास, संरक्षण र सम्वर्द्धन |
| स्थानीय खेलहरू र योगाभ्यास | स्वास्थ्य र स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय | सूर्यनमस्कारको परिचय, नियम र अभ्यास<br>• भलिवल खेलको परिचय, नियम र अभ्यास | फुटवल खेलको परिचय, नियम र अभ्यास | क्रिकेट खेलको परिचय, नियम र अभ्यास |

| | | | | |
|---|---|---|---|---|
| | योग तथा ध्यान | • योगका विभिन्न प्रकारहरुको परिचय<br>• विभिन्न प्रकारका योगहरुको अभ्यास | • अनुलोमको परिचय, नियम र अभयास<br>• योगबाट मानव स्वास्थ्यलाई प्राप्त हुने फाइदाहरु | कपालभात्तकिो परिचय, नियम र अभ्यास<br>• योगबाट मानव स्वनास्थ्य र नैतिक जीवनबीचको सम्बन्ध |

## ७. विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धीहरूलाई प्रस्तुत गरिएको छ । क्षेत्रगत विषयवस्तुको विस्तृतीकरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा १**

| **क्षेत्र** | **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **सिकाइ सहजीकरण क्रियाकलाप** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्य घण्टा** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय वातावरण र जैविक विविधता | वातावरणको परिचय दिन | आफ्नो वरिपरी भएका सजीव र निर्जीव वस्तुहरू चिन्न । | आफ्नो घर तथा विद्यालय वरपर पाइने सजीव वस्तुहरूको नाम । आफ्नो घर तथा विद्यालय वरपर पाइने निर्जीव वस्तुहरूको नाम । | विद्यालयबाट वरपर देखिने विभिन्न सजीव वस्तुहरू जस्तैः मान्छे, पशुपंक्षी, बोटविरुवा आदि प्रत्यक्ष देखाई वा फोटो देखाई तिनीहरूको नाम बताईदिने । विद्यालय बाट वरपर देखिने विभिन्न सजीव वस्तुहरू जस्तैः ढुंगा, माटो, घर, गाडी आदि प्रतक्ष्य देखाई वा फोटो देखाई तिनीहरूको नाम बताईदिने । | आफ्नो घरमा भएका वा पालेका सजीव वस्तुहरूको नाम सोध्ने । आफ्नो घरमा भएका निर्जीव वस्तुहरूको नाम सोध्ने । विभिन्न फोटो देखाई सजिव र निर्जीव वस्तु चिन्न लगाउने र बहु बैकल्पिक प्रश्न गर्ने । | १० |
| | भौगोलिक अवस्था | आफू बसेको ठाउँको नाम र ठेगाना बताउन । आफ्नो वरपरको सडक र बाटोको नाम बताउन । | आफू बस्ने ठाउँको नाम र ठेगाना । आफ्नो घर विद्यालय नजिकको बाटोको परिचय । | विद्यार्थीहरूलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताईदिने र भन्न सिकाउने । विद्यार्थीहरूलाई आफ्नो घर भएको | आफ्नो घर भएको ठाउँको नाम र ठेगाना सोध्ने । विद्यालयको नाम र ठेगाना सोध्ने । विद्यालय नजिकको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ठाउँको नाम र ठेगाना बताईदिने र भन्न सिकाउने । विद्यालय नजिकको सडक, गोरेटो चिनाउने । | बाटोको सोध्ने । चित्र देखाई बाटो छ छैन् पत्ता लगाउन लगाउने । | |
| | जैविक विविधता | घरपालुवा जनावरहरूको नाम बताउन र वन्यजन्तुहरूको नाम बताउन। | स्थानीय क्षेत्रमा पालिने घरपालुवा जीवजन्तुको नाम र स्थानीय ठाउँमा वा वनमा पाईने जीवजन्तुको नाम बताउन । | विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरूको नाम बताईदिने । स्थानीय क्षेत्रमा पालिने विभिन्न जनावरहरूको फोटो देखाई नाम बताईदिने । फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरूको नाम बताईदिने । स्थानीय क्षेत्रमा पालिने विभिन्न जनावरहरूक | आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम सोध्ने । विभिन्न वन्यजन्तुहरूको फोटो देखाई चिन्न लगाउने । फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ो फोटो देखाई नाम बताईदिने । स्थानीय क्षेत्रमा पाईने विभिन्न जनावरहरूक ो फोटो देखाई नाम बताईदिने । जस्तैः स्याल, बँदेल, चितुवा, काग, गिद्ध, रुपी आदि । | | |
| | जलस्रोत | पानीका स्रोतहरूको नाम बताउन | स्थानीय क्षेत्रमा भएका पानीका विभिन्न स्रोतहरूको नाम | स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरूको जस्तैः धारा, कुवा, इनार, खोला, खोल्सा आदिको फोटो देखाई तिनीहरूको नाम बताईदिने र चिनाईदिने । विद्यार्थीहरू लाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराई त्यसबारे बताईदिने । | पानीका स्रोतहरूको नाम सोध्ने । चित्र/फ ोटो देखाई स्रोतको नाम चिन्न र भन्न लगाउने । पानीका स्रोतहरूको चित्र बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको परिचय दिन | फोहर कसीङ्गरको परिचय र सरसफाई | फोहर र सफा वातावरणको चित्र देखाइ सरसफाईको बारेमा बताइदिने । कक्षाकोठामा राखिएका डस्टवीनहरू मा कागजका टुक्राहरू राख्न लगाउने । खाना खानुअगाडी र खाईसकेपछी हात धुन सिकाउने । | चित्रहरू देखाई सफा र फोहोर वातावरण छुट्याउन लगाउने । विद्यार्थीहरू को दैनिक क्रियाकलाप अवलोकन गर्ने । पालैपालो हात धुन लगाउन। | १० |
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय | विभिन्न प्रकोप र विपद्हरूको नाम बताउन | आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भुकम्प लगायतको नाम | विभिन्न पत्रपत्रिकाहरू तथा पोष्टहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भुकम्प सम्बन्धीका चित्रहरू प्रर्दशन गर्ने र चिनाउने । विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरोको | फोटोहरू देखाई प्रकोपका नामहरू भन्न लगाउने । विपत्तिका नाम सम्बन्धित फोटोहरूसत जोडा मिलाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अवलोकन गराउने । प्रकोप सम्बन्धी भिडियो देखाउने । | | |
| धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदाको पहिचान | स्थानीय जातजातीको नाम बताउन स्थानीय साँस्कृतिक, धार्मिक ठाउँको नाम बताउन | स्थानीय जातजाती र भाषाबारे जानकारी( भाषाहरू : मैथिली, सुर्जापुरि, केवरत र अन्य) स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मदरसा,मस्जिदको पहिचान | विद्यार्थीहरूलाई कक्षामा भएका साथीहरूको र आफ्ने नाम थर सहित पालैपालो भन्न लगाउने । स्थानीय मठमन्दिर, गुम्बा, चर्च, मस्जिदको फोटो देखाई नाम बताईदिने । विद्यालय नजिकको मठमन्दिर, गुम्बा, चर्च, मदरसा,मस्जिदको अवलोकन भ्रमण गराई त्यसको परिचय दिने । जस्तै: मन्दिर : कालीमन्दिर भद्रकाली, लक्ष्मी देवता, कृष्ण मन्दिर, राम मन्दिर, आदि । | आफ्नो साथीहरूको नाम थर बताउन लगाउने । आफ्नो घरवरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम बताउन लगाउने । फोटो देखाइ विभिन्न बाजाहरू चिन्न लगाउने । साँस्कृतिक सम्पदा र ठाउँहरूको जोडा मिलाउन लगाउने । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थानीय बाजाहरूको नक्सा वा फोटो देखाइ चिन्न लगाउने । | | |
| सामाजिक मुल्य मान्यता र सकारातमक व्यवहार | आदर सत्कार | साथी र गुरुहरूसँग घुलमिल हुन | चिनजान गर्न, नमस्कार गर्न समूहमा मिलेर बस्न | विद्यार्थीहरू बिच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने । समूहमा बस्न लगाउने । आफूभन्दा ठूला मानिस र साथीहरूसँग बोल्दा तपाई, हजुर जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने । | दैनिक क्रियाकलापको अवलोकन गर्ने । आदरार्थी शब्दहरू प्रयोग गरी आफ्नो साथीको, गुरुको नाम भन्न लगाउने । घरका सदस्यहरूको नाम भन्न लगाउने । | २० |
| स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि | विभिन्न कृषि सम्बन्धी बालीनालीको नाम बताउन | तरकारीबाली, अन्नबाली, पशुपालन कौसी खेती | स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः सागसब्जी, धान, मकै, | वरीपरी रहेका बालीनालीको चित्र देखाई के हो भनि सोध्ने । स्थानीय स्तरमा उपलब्ध हुने बस्तुहरू सोध्ने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गाईभैंसीको दुध आदि । विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराई त्यहाँ उत्पादन हुने वस्तुहरूको बारेमा बताईदिने । | तरकारीहरू को नाम सोध्ने । आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने । | |
| | व्यापार | विभिन्न व्यवसाय को नाम बताउन | किराना पसल, होटल, कपडा, स्टेशनरी, औषधि व्यवसाय, इ व्यवसाय लगायत अन्य व्यवसाय | स्थानीय क्षेत्रमा भएका विभिन्न व्यापारिक क्षेत्रहरूको चित्र संकलन गरी प्रदर्शन गर्ने र चित्र हेरेर पसलको प्रकार चिन्न सिकाउने। नजिकको बजार भ्रमण गराई त्यहाँ भएका विभिन्न पसलहरू देखाईदिने । जस्तैः कपडा, किराना, औषधि, होटल, | विद्यालय नजिक भएका विभिन्न पसल, व्यवसायहरूको नाम सोध्ने ।आफ्नो घर वरिपरी वा आफ्नो घरमा भएको पसल सम्बन्धी सोध्ने । विभिन्न चित्रहरू देखाई पसलको प्रकार चिन्न लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | रेष्टुरेन्ट, साइवर आदि । | | |
| | उद्योग | घरपरिवारका सदस्यहरूले गर्ने काम बताउन | घर परिवारका सदस्यहरूले दैनिक रुपमा गर्ने कार्य, पेशा, जागीर, व्यवसायको नाम | विद्‍यार्थीहरूकको परिवारमा आ- आफ्ना अभिभावहरूले गर्ने पेशा वा काम सोधि छलफल गर्ने । जस्तैः शिक्षक, प्रहरी, भाँडा पसले, उद्योगमा काम गर्ने, मजदुरी गर्ने, खेतीपाती गर्ने आदि । मानिसहरूले विभिन्न ठाउँमा काम गरिरहेको फोटोहरू देखाई कुन ठाउँमा काम गर्ने मानिसलाई के भनिन्छ भन्ने बारेमा सिकाउने । जस्तैः विद्यालयमा पढाउने शिक्षक, होटल वा रेस्टुरेन्टमा खाना पकाउने कुक, पसल | आफ्नो घर परिवारका सदस्यहरूले के के काम गर्छन सोध्ने । फोटो र शब्दको जोडा मिलाउन लगाउन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्ने पसल, खेतपाती गर्ने कृषक आदि । | | |
| | पर्यटन | पर्यटकीय ठाउँहरूको नाम बताउन | पर्यटकीय क्षेत्रको नाम (मन्दिर, गुम्बा, निकुन्ज, झरना, पार्क आदि) | स्थानीय पर्यटकीय क्षेत्रहरूको चित्र संकलन गरी प्रदर्शन गर्ने र ठाउँ चिनाईदिने । जस्तैः सुनवर्षी ताल । विद्यालय नजिकको पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराउने | चित्र देखाइ कुन पर्यटकीय क्षेत्रको नाम हो भनि सोध्ने । आफ्नो घर नजिकको पर्यटकीय ठाउँको नाम सोध्ने । बहुबैकल्पिक प्रश्नोत्तर गर्ने । | १० |
| स्थानीय खेलहरु र योगाभ्यास | योग, ध्यानको प्रारम्भिक परिचय | योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | योग तथा ध्यानको परिचय- बसाई सम्बन्धी जानकारी | मेरुदण्ड सोझो बस्न सिकाउने । ताली बजाउन सिकाउने । ज्ञान मुद्रा ( आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने । | क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने । एकरुपमा ताली बजाउन लगाउने । ज्ञान मुद्रामा बस्न लगाउने । | १० |

**कक्षा २**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङकन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| स्थानीय वातावरण र जैविक विविधता | वातावरणको परिचय | वातावरणको परिचय दिन। वातावरण बाट हुने फाईदाहरू बताउन | वातावरणको परिचय ( आफ्नो वरिपरी रहेका सजीव तथा निर्जीव वस्तुहरू) वातावरणबाट हामीलाई हुने फाईदाहरू - सजीव र निर्जीव वस्तुको आपसी सम्बन्ध | आफ्नो विद्यालय वरिपरी रहेका वस्तुहरू देखाई तिनीहरू मध्ये सजीव र निर्जीव छुट्याउन लगाउने । सजीव र निर्जीव सबै वस्तुहरूको एककृत रुप नै वातावरण हो भन्ने कुरा बुझाउने । निर्जीवले सजीवलाई बाँच्न सहयोग गर्ने कुराहरूबारे बताईदिने । जस्तैः हावा, पानी बिना हामी बाँच्न सक्दैनौं । सजीव र निर्जीव वस्तुहरूबिचको अन्तर सम्बन्धबारे छलफल गर्ने । जस्तैः शुद्ध हावा हामी सबैलाई चाहिन्छ र हरीया रुख विरुवाले | विद्यालय वरिपरी रहेका सजीव र निर्जीव वस्तुहरू छुट्याउन लगाउने । विभिन्न सजीव र निर्जीव वस्तुहरूबिचको सम्बन्धका बारेमा सोध्ने । वातावरणको परिभाषा सोध्ने। विभिन्न सजीव, निर्जीव वस्तुहरूको चित्र बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हावा शुद्धीकरणमा सहयोग गर्छन् । | | |
| | भौगोलिक अवस्थ | आफू बसेको ठाउँको भौगोलिक अवस्था पहिचान गर्न। आफ्नो ठाउँमा आउने बाटाहरूको पहिचान गर्न | स्थानीय ठाउँको भौगोलिक स्थिति - भिरालो, समथर, पहाड, बेंसी) आफ्न ो घर तथा विद्यालय नजिकका बाटोहरू ( सडक, गोरेटो, पक्की, कच्ची) | विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपरीको क्षेत्र देखाई उक्त ठाउँ समथर, भिरालो, हिमाल, खोंच कस्तो छ बताईदिने । भौगोलिक अवस्थिती झल्कने विभिन्न फोटोहरू देखाई हिमाल, पहाड, समथर क्षेत्रको पहिचान गर्न सिकाउने । विद्यालय नजिक भएका बाटाहरू देखाई तिनीहरू कस्तो स्वरुपमा छन् सडक, गोरेटो, पक्की, कच्ची) बता इतिनीहरू नजिकको कुन मुख्य | फोटो देखाई समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने । आफू बसेको ठाउँको वरिपरीको भौगोलिक स्वरुप कस्तो छ सोध्ने । घर तथा विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने । विद्यालय तथा घरको नक्सा बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सडकसँग जोडिएका छन् बतादिने । | | |
| | जैविक विविधता | स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरू छुट्याई नाम बताउन | स्थानीय क्षेत्रमा पाईने घरपालुवा तथा वन्यजन्तुहरू | विद्यालय वरिपरी देखिने विभिन्न घरपालुवा जीवजनावरहरू तथा चराचुरुङ्गीहरू देखाई चिनाउने । नजिकको बनमा पाईने विभिन्न जनावरहरूको चित्र देखाई चिनीहरूको नाम बताईदिने । चिडियाघरको अवलोकन भ्रमण गराई त्यहाँ भएका जिवजन्तुहरू चिनाउने । घरपालुवा जनावर र वन्यजन्तुबाट हामीलाई हुने फाईदाहरूबारे बताईदिने । | फोटोमार्फत घरपालुवा र वन्यजन्तु चिन्न लगाउने । स्थानीय क्षेत्रमा पाईने वन्यजन्तु र घरपालुवा जीवजन्तुको नाम सोध्ने । घरमा पालिने जीवजन्तुहरूबाट हामीले के के पाउछौं सोध्ने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । चित्र बनाउन लगाउने । | १० |
| | जलस्रोत | स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरूको सूची बनाउन र पानीको उपयोग गर्न | स्थानीय क्षेत्रमा उपलब्ध पानीका स्रोतहरूको सूची पानीको उपयोग | विद्यालय तथा वरिपरीको क्षेत्रमा भएका बिभिन्न पानीका स्रोतहरूको अवलोकन | स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको सूची बनाउन लगाउने । पानीको उपयोगबारे | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भ्रमण गराई तिनीहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः धारा, कुवा, खोल्सा, पोखरी आदि । पानीका अन्य स्रोतहरूको फोटो देखाई प्रस्तुत गर्ने । जस्तैः हिमाल, ताल, खोला, नदी आदि । हाम्रो दैनिक जिवनमा पानीको उपयोग र महत्वबारेमा सुचि बनाई प्रस्तुत गर्ने । | सोध्ने । पानीका स्रोतहरूको चित्र बनाउन लगाउने ब हुबैकल्पिक प्रश्नहरू गर्ने | |
| | फोहोरमैला व्यवस्थापन | व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपारिको वातावरणसरसप फाईको पहिचान गर्न | व्यक्तिगत सरसफाइआफ् नो वरिपरीको सरसफाइ फोहर व्यवस्थापन, शौचालयको प्रयोग | व्यक्तिगत सरसफाई गरिरहेका भिन्नि फोटोहरू प्रस्तुत गर्ने । जस्तैः नुहाईरहेको, नङ काटिरहेको आदि ।आफ्नो विद्यालय वरिपरीको वातावरणको अवलोकन गराई सफा वा फोहोर | प्रत्येक विद्यार्थीले नड. काटे नकाटेको/क पाल कोरे नकोरेको ,दाँत माझ्नेनमाझ्ने को हेर्ने र प्रश्न गर्ने । कक्षाकोठा को अवलोकन गर्ने । कक्षाकोठा, घर आँगन र वरपरको वातावरण कसरी फोहर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कस्तो छ छुट्याउन लगाउने । फोहर कसीङ्गर व्यवस्थापनको चित्र भिडियो प्रदर्शन, छलफल आदि गराउने । फोहर वातापरणवाट विभिन्न रोग लाग्ने कुरा बताइदिने । सहभागीमूलक सरसफाइ अभ्यास गराउने । डस्टविनको सही प्रयोग गर्ने तरिका अभ्यास गराउने, शौचालयको उचित प्रयोग गर्ने तरिका छलफल गराउने । | हुन्छ भन्ने प्रश्न गर्ने । फोटो मार्फत सफा ठाउँ र फाहोरी ठाउँहरू चिन्न लगाउने । हात धुने अभ्यास गर्न लगाउने । | |
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को पहिचान र सूची | स्थानीय क्षेत्रमा घटेका वा घट्न सक्ने प्रकोपको पहिचान गर्न । | स्थानीय सडक, पहिरो जाने स्थानहरू, डाँडापाखा, खोलाहरू जस्तै विष्णुमती, रुद्रमती लगायतमा हुनसक्ने | स्थानीय खोला तथा सडकहरूको भ्रमण गराई त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाई प्रस्तुत गर्ने । जस्तैः खोला | आफ्नो घर टोलको वरीपरी भएका प्रकोपहरूको सूची बनाउन लगाउने । फोटो मार्फत प्रकोपहरूको पहिचान गर्न | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रकोपहरूहरूबारे जानकारी | किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना आदि ।<br>विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरू देखाई त्यसको असर र कारणबारे बताईदिने । | लगाउने । पहिरो जान सक्ने कारणहरूबारे सोध्ने । | |
| धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदाको पहिचान | स्थानीय जातजातीको आदिम पेशा र व्यवसाय पहिचान गर्न । स्थानीय साँस्कृतिक धार्मिक ठाउँहरूको सूचीबनाई सामान्य परिचय दिन परम्परागत बाजाको समान्य परिचय दिन । | स्थानीय आदिम पेशा व्यवसाय को सूची विद्यालय वरपरका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको सूची निर्माण र परिचय<br>- ठूलो एकादशी, सुनवषई मेला, हरिबोधनी एकादशी मेला जात्रा) स्थानीय क्षेत्रमा परम्परागत रुपमा प्रयोग हुने बाजाहरूको सूची र पहिचान | विद्यालय वरपरको अवलोकन भ्रमण गराइ वा फोटोहरू देखाई स्थानीय मानिसहरूले परम्परागत रुपमा चलाउने सामग्री र कामको बारेमा बताईदिने । जस्तैः ढिकी, जातो, कोल, घट्ट, ओखल,झल्ला वुन्ने, आदि चिनाउने ।<br>विद्यालय वरिपरि रहेका साँस्कृतिक ऐतिहासिक, | विभिन्न परम्परागत सामग्रीहरूको फोटो वा चित्र देखाइ नाम र काम भन्न लगाउने । विद्यालय वरिपरि रहेका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको सूची बनाइ बताउन लगाउने । बाजा हेरेर अर्थात बजाइ आवाजबाट नाम भन्न लगाउने । फोटो हेरेर बाजा चिन्न | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ( बाजागाजाहरू : धिमे, बाँसुरी, पुवाँ,मुर्चुङ्गा आदि) | पुरातात्विक तथा धार्मिक स्थलहरूका स्थलगत अध्ययन गराइ तिनीहरूको बारेमा बताइ दिने । स्थानीय क्षेत्रमा भएका रहेका साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक स्थलहरूका फोटो देखाई तिनीहरूको परिचय दिने । जस्तैः डाइनिया, गोविन्दपुर आदि । स्थानीय क्षेत्रमा पाइने परम्परागत बाजाहरूको फोटो वा प्रत्यक्ष देखाइ चिनाउने र बजाइ तिनीहरूको आवाज सुनाइ बजाउन पनि लगाउने । जस्तैः धिमे, बाँसुरी, पुवाँ,मुर्चुङ्गा आदि | लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक मुल्य मान्यता र सकारात्मक व्यवहार | आदर सत्कार | साथी, गुरुहरू र परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर गर्न | साथीहरूसँग चिनजान गर्न, नमस्कार गर्न, समूहमा मिलेर बस्ने बानीको विकास। आफू भन्दा ठूलो कक्षाका विद्यार्थीहरूलाई आदर गर्न र सानालाई माया गर्न | विद्यार्थीहरूबिच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने । समूहमा बस्न लगाउने । आफू भन्दा ठूलो कक्षाका विद्यार्थीहरूलाई दाजुदिदी भन्न सिकाउने, नमस्कार गर्न लगाउने । आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी तपाइँ जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने । साथीहरू र शिक्षकहरूबिच नम्र र शिष्ट व्यवहार देखाउन अभिनय गरेर देखाउने र त्यस सम्बन्धी विभिन्न चित्रहरू देखाउने | नमस्कार गरी आफ्नो परिचय दिन लगाउने । आफ्नो घरमा भएका सदस्यहरूको नाता सहित वाक्य बनाउन लगाउने । चित्रहरू र शब्दहरूबिच जोडा मिलाउन लगाउने । दैनिक क्रियाकलापको अवलोकन गर्ने । | २० |
| स्थानीय पेशा, व्यवस | कृषि | कृषि उत्पादनको पहिचान गरी बालीनालीको तरकारीबाली, | तरकारीबाली, पशुपालन, कौशी खेति, पुष्प | स्थानीय स्तरमा उत्पादित कृषिजन्य | कृषि उत्पादन भनेको के हो र के के पर्छन् सोध्ने र सुची | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ाय र आर्थिक क्रियाकलाप | | पशुपालन, कौशी खेती, पुष्प व्यवसायबाट उत्पादित वस्तुको सुची नामको सूची बनाउन | व्यवसायबाट उत्पादीत वस्तुको सुची | वस्तुहरूको फोटो संक लन सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः साग, बन्दा, मुला, गाजर, धान, मकै, दुध, फूलहरू आदि । विद्यालय नजिकको तरकारी बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराई त्यहाँ उत्पादित वस्तुहरूको सूची बनाई प्रस्तुत गर्ने । | बनाउन लगाउने । आफ्नो घर वरिपरी फल्ने बालीनालीहरू को सूची बनाउन लगाउने । विभिन्न फलफूलका नामहरूको सूची बनाउन लगाउने । फोटो देखाई विभिन्न फलफूल चिन्न लगाउने । | |
| | व्यापार | घर छिमेकमा गरिने पेशा र व्यवसायको जानकारी दिन | व्यापार, पसल व्यवसाय, होटल व्यवसाय र अन्य व्यवसाय को जानकारी | विद्यालय नजिकैको बजारको अवलोकन गराई त्यहाँ भएका विभिन्न प्रकारका व्यवसायहरू को वर्गीकरण गरी सूची तयार पार्ने र प्रस्तुती गर्ने । जस्तैः पसल अन्तर्गत मिठाई, खाद्यान्न, | चित्र देखाइ कुन कुन व्यवसाय, पेशा हो ? चिन्न लगाउने । आफ्नो घरका सदस्यहरूले गर्ने कामको सूची बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कपडा, होटल अन्तर्गत रेस्टुरेन्ट, चिया कफी, क्याटरिङ आदि । स्थानीय स्तरमा मानिसले काम गरिरहेका फोटो वा चित्र प्रर्दशन गरी त्यसबारे बताईदिने । | | |
| | उद्योग | स्थानीय क्षेत्रमा उद्योग को पहिचान गरी नाम बताउन | स्थानीय क्षेत्रमा भएका उद्योग र व्यवसायको नामावली | स्थानीय क्षेत्रमा भएका उद्योगहरू जस्तैः पानी, कुटानीपिसानी,गलैंचा, इटा आदि उद्योगहरूको सूची बनाई प्रस्तुत गर्ने । विद्यालय नजिकको कुनै एक उद्योगको अवलोकन गराई उक्त उद्योगमा के उत्पादन हुन्छ भन्ने बारेमा बताई कुन उद्योगमा के उत्पादन हुन्छ भन्ने बारेमा बताईदिने । विभिन्न उद्योगहरू र उत्पादनहरू | आफ्नो घर नजिककमा भएका विभिन्नउद्योगहरूको सूची तयार पार्न लगाउने । उद्योग र उत्पादनबिच जोडा मिलाउन लगाउने । उद्योगको फोटो देखाई त्यहाँ हुने उत्पादनबारे सोध्ने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | को फोटो चित्र प्रदर्शन गरी उद्योग र उत्पादनका बारेमा सूची तयार पार्ने । जस्तैः कुटानी पिसानीमा चामल, पिठो आदि | | |
| | पर्यटन | स्थानीय पर्यटकीय क्षेत्र रहेको स्थान बताउन | स्थानीय क्षेत्रका पर्यटकीय ठाउँहरूको नाम | विद्यालय नजिककैको पर्यटकीय क्षेत्रको अवलोकन गराई उक्त ठाउँको परिचय दिने । स्थानीय पर्यटकीय क्षेत्रहरू मन्दिर, गुम्बा, ताल भ्रमण क्षेत्र रहेको ठाउँको फोटो सहितको सूची तयार पारी बताईदिने । | आफ्नो विद्यालय वा घर नजिक रहेका पर्यटकीय क्षेत्रहरूको सूची बनाउन लगाउने । फोटो हेरेर ठाउँको पहिचान गर्न लगाउने स्था नीय पर्यटकीय ठाउँको नक्सा बनाउन लगाउने । | १० |
| स्थानीय खेलहरु र योगाभ्यास | योग, ध्यानको प्रारम्भिक परिचय | योग ध्यानको प्रारम्भिक अभ्यास गर्न । | सामान्य योग तथा ध्यानको अभ्यास | मेरुदण्ड सोझो बस्न बस्न लगाउने । सबैजनाले मिलाएर एकसाथ ताली बजाउन लगाउने ।ज्ञान मुद्रा ( | क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्नेपालैपालो ताली बजाउन लगाउने । हातखुट्टा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आँखा चिम्लेर बुढी र चोर औलाको टुप्पा जोडेर बाकी तीन औला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने । हात, खुट्टा, दायाँबाँया, तलमाथि गर्न र सामान्य मार्चपास जस्तो सिकाउने । | को चाल मिलाएर चलाउन लगाउने । | |

**कक्षा ३**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्यांकन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| स्थानीय वातावरण र जैविक विविधता | वातावरणको परिचय | स्वच्छ वातावरणको परिचय र फाईदाहरू बताउन । | स्वच्छ वातावरणको परिचय र स्वच्छ वातावरणका फाईदाहरूको बारेमा जानकारी दिन । | विद्यालय नजिकैको पार्क, उद्यान, वनको अवलोकन भ्रमण गराई त्यहाँको वातावरणबारे बताईदिने । फोहोरमैला जतासुकै फ्याँकेको र | स्वच्छ वातावरणको परिचय दिन लगाउने । अवलोकन भ्रमणमा जाँदा आफूले अनुभव गरेका कुराहरू टिपोट गरी प्रस्तुत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सफा हरियालीयुक्त ठाउँको फोटो देखाई उक्त फोटोहरूबिचको भिन्नता र परिचयबारे बताईदिने र विद्यार्थीहरूलाई पनि भिन्नता र अनुभव भन्न लगाउने । यदि हाम्रो वरिपरीको वातावरण फोहोरी भएमा हामीलाई पर्न सक्ने असरहरूकाबारेमा बताईदिने । नजिकको ड्म्पिङ साइटको अवलोकन गराई पार्कमा जाँदा र ड्म्पिङ साइटमा जाँदाको विद्यार्थीहरूको अनुभव बताउन लगाउने । स्वच्छ वातावरणबाट | गर्न लगाउने । फोहोर वातावरणबाट हामीलाई पर्न सक्ने असरहरको सूची बनाउन लगाउने । स्वच्छ वातावरणको फाईदाहरूको बारेमा सूची बनाउन लगाउने । फोटो मार्फत जोडा मिलाउन लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । नजिकको पार्कको वा बगैंचाको चित्र बनाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हामीलाई हुने फाईदाहरूको सूची बनाई प्रस्तुत गर्ने । | स्वच्छ वातावरणको परिचय दिन लगाउने । अवलोकन भ्रमणमा जाँदा आफूले अनुभव गरेका कुराहरू टिपोट गरी प्रस्तुत गर्न लगाउने । फोहोर वातावरणबाट हामीलाई पर्न सक्ने असरहरको सूची बनाउन लगाउने ।<br>स्वच्छ वातावरणको फाईदाहरूको बारेमा सूची बनाउन लगाउने ।<br>फोटो मार्फत जोडा मिलाउन लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने ।<br>नजिकको पार्कको वा बगैंचाको चित्र बनाउन लगाउने । | १० |
| | भौगोलिक अवस्था | आफू बसेको ठाउँको नक्सा बनाउन। आफ् नो ठाउँको | आफ्नो विद्यालय, घरगाउँ र वरिपरीका | आफ्नो विद्यालय वरिपरीको अवलोकन | शब्द र चित्र मार्फत स्थानीय क्षेत्रको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भौगोलिक अवस्थाको जानकारी दिन । | वस्तुहरू भल्किने आफ्नो विद्यालय वा ठाउँको नक्साआफ्नो र वरिपरीको ठाउँको भौगोलिक अवस्थाबारे जानकारीभिरालो, समथर, खोंच, पहाड आदि । | गराई त्यस ठाउँको बारेमा जानकारी दिने । जस्तैः भवन, सडक, रुखविरुवा, खोलाखोल्सा, पोखरी, कुवा आदि भएमा तिनीहरू कहाँ कहाँ छन् याद गर्न लगाउने । उक्त क्षेत्रको भौगोलिक स्वरुप कस्तो छ बताईदिने । जस्तैः समथर, भिरालो, पहाडको फेद, हिमालको नजिक आदि । आफ्नो विद्यालय र वरिपरीको ठाउँ समेत झल्किने किसिमको चित्र बनाई चित्रमा पूर्व पश्चिम उत्तर, दक्षिण छुट्याईदिने । विद्यार्थीहरूलाई पनि आफ्नो वरिपरीको क्षेत्र झल्कने किसिमको चित्र बनाउन लगाई त्यसमा विद्यालय भएको क्षेत्रमा | भौगोलिक अवस्था छुट्याउन लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | चिन्ह लगाउन लगाउने र नक्सामा पूर्व, पश्चिम, उत्तर, दक्षिण, छुट्याउन लगाउने । चित्रहरू देखाई भिरालो, समथर, खोंच जस्ता ठाउँहरू चिनाउने । | | |
| | जैविक विविधता | स्थानीय बोटविरुवाहरूको जानकारी दिन | स्थानीय क्षेत्रमा पाईने बोटबिरुवाहरू बारे जानकारी | आफ्नो विद्यालय वरिपरी भएका बोटबिरुवाहरू देखाई तिनीहरूको नाम बताईदिने । नजिकको पार्क वा वन वा बगैंचाको अवलोकन भ्रमण गराई त्यहाँ भएका बोटबिरुवाहरूको सूची बनाई बताईदिने र बिरुवाका भागहरू चिनाईदिने । जस्तैः पात, फल, फूल, हाँगा, काण्ठ, जरा । बोटबिरुवाका फाईदाहरूबारे बताईदिने र कक्षामा | आफ्नो घर परिपरी भएका वा देखिने बोटबिरुवाहरूको सूची बनाउन लगाउने । विद्यालय वरिपरि देखिने बिरुवा हरूको सूची बनाउन लगाउने । कुनै एक बिरुवाको चित्र बनाउन लगाई त्यसका भागहरू छुट्याउन लगाउने । बोटबिरुवा का फाईदाहरूको बारेमा सूची बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छलफल गर्ने। | | |
| | जलस्रोत | पानीका स्रोतहरू फोहोर हुने कारणहरू बताउन | पानीका स्रोतहरू फोहोर हुने कारणहरू - स्रोतमा फोहोर मिसाउनु, स्रोत वरिपरी दिसापिसाव गर्नु, खोला खेल्सामा ढल मिसाउनु, पानीको मुहान वरिपरी गाईवस्तु छाडा छोड्नु आदि । | नजिकको खोला, खोल्सा, कुवा आदिको अवलोकन भ्रमण गराई त्यस क्षेत्रमा पानीको वरिपरी के कस्ता फोहोरहरू देखिएका छन् टिपोट गर्न लगाई उक्त फोहोरहरू कहाँबाट कसरी आएका हुन सक्छन् भन्ने बारेमा बताईदिने । पानीका स्रोतहरू फोहोर हुने वा हुन सक्ने कारणहरूको सूची बनाई फोटो सहित प्रस्तुत गर्ने । पानीको स्रोत फोहोर हुँदा त्यसले गर्ने असरहरूको सूची बनाई प्रस्तुत गर्ने । | पानीका स्रोतहरू फोहोर हुने कारणहरूको सूची बनाउन लगाउने । विभिन्न फोटोहरू देखाई पानीको स्रोत परिपरी के भईरहेको चिन्न, भन्न, लेख्न लगाउने । पानीको स्रोत फोहोर हुँदा त्यसबाट हामीलाई पर्न सक्ने असरहरूको सूची बनाउन लगाउने । आफ्नो घर वा विद्यालय वरिपरी भएका पानीका स्रोतहरूमा फोहोर मिसिएको छ छैन् बताउन लगाउने । | १० |
| | फोहोरमैला व्यवस्थापन | फोहोरमैलाको प्रकार (कुहिने नकुहिने) छुटयाउन | विभिन्न स्थानबाट निस्किने फोहर मैलाको परिचय ( | विद्यालयको क्यान्टिन र कक्षाकोठाहरू को अवलोकन भ्रमण गराई त्यहाँ के के र | फोहोरको परिचय दिई प्रकारहरू छुट्याउन लगाउने । विद्यालयको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | घर, विद्यालय, होटेल र अस्पतालबाट निस्किने फोहरको पहिचान) सड्ने र नसड्ने फोहर मैलाको परिचय, फोहोर मैलाको असर (घाउ खटिरा, झाडापखाला, जुका, आँखा पाक्ने, वातावरण प्रदुषण) | कस्ता प्रकारका फोहोरहरू निस्कदाँ रहेछन् देखाई सूची बनाई प्रस्तुत गर्ने । कुहिने र नकुहिने फोहोरको परिचय दिई माथी संकलित फोहोरहरूलाई कुहिने र नकुहिने फोहोरमा छुट्याउन सिकाउने । नजिकको कुनै होटेल वा व्यापारिक केन्द्रको अवलोकन गराई त्यहाँबाट निस्कने फोहोरहरूको बारेमा उक्त होटेल वा केन्द्रको आधिकारिकव्यक्तिलाई सोधेर सूची बनाई कुहिने र नकुहिने फोहोरको सूची बनाउन लगाई प्रस्तुत गर्ने र त्यसका व्यवस्थापनका तरिकाहरूबारे चर्चा गर्ने | क्यानटिनमा निस्कने फोहोरहरूको सूची बनाई वर्गीकरण गर्न लगाउने । फोटो मार्फत कुहिने र नकुहिने फोहोरहरू छुट्याउन लगाउने । आफ्नो घरबाट निस्कने फोहोरहरू के गर्ने गरिएको छ लेख्न लगाउने । फोहोमैलाका असरहरबारे सूची बनाउन लगाउने । हाम्रो वरिपरीको वातावरण फोहोर हुने कारणहरूबारे बताउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | । विद्यालयमा बेग्लाबेग्लै भाँडो राखी सड्ने नसड्ने फोहोर संकलन गर्न लगाई सड्ने फोहरवाट प्रडगारिक मल बनाउन सिकाउने । फोहोरमैल ाबाट हुने असरहरुबारे सूची बनाई प्रस्तुत गर्ने । | | |
| प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को पहिचान र सूची | प्राकृतिक तथा मानवीय क्रियाकलापका कारण हुनसक्ने प्रकोप/विपद्हरू को पहिचान गर्न । सवारी दुर्घटनाको परिचय दिन | प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो, हावाहुरी, चट्याङ आदि तथा मानवीय क्रियाकलाप बाट सृजीत प्रकोपहरू जस्तै घर आगलागी, करेन्ट लाग्ने, सवरी दुर्घटना संरचना भत्कने आदिबाट हुने प्रकोपहरूको पहिचान र सूची सडक, चालक तथा पैदल यात्रुका | विद्यालय नजिक आफ्नो क्षेत्रको प्रकोपग्रस्त क्षेत्रको अवलोकन गराउने तथा भिडियोहरू माफर्त बाढी, पहिरो, हावाहुरी, चट्याङ आदिबारे प्रदर्शन गर्ने । मानवीय कारणबाट हुन सक्ने प्रकोप तथा दुर्घटनाहरूबारे भिडियो प्रर्दशन गर्ने र त्यसबाट बच्न सक्ने उपायहरूका | प्राकृतिक तथा मानवीय कारणले हुने प्रकोपहरू उदाहरण सहित फरक छुट्याउन लगाउने । सवारी दुर्घटनाबारे बताउन लगाउने । प्राकृतिक प्रकोपले हामीलाई पार्न सक्ने असरहरूको सूची बनाइ प्रस्तुत गर्न लगाउने । विभन्न फोटोहरू मार्फत प्रकोपहरू चिन्न लगाउने । आफ्नो घर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कारण हुने विभिन्न दुर्घटनाहरू पहिचान | बारेमा छलफल गर्ने । नजिकको सडकको अवलोकन गराई वा फोटोहरूमार्फत जेब्रा क्रसिङतथा सडक सुरक्षाबारे बताउने । | वा विद्यालय नजिकको पहिरोको बारेमाचित्र बनाई प्रस्तुत गर्न लगाउने । | |
| धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदाको पहिचान | स्थानीय क्षेत्रमा बोलिने भाषाहरूको सूची बनाउन, स्थानीय साँस्कृतिक, धार्मिक ठाउँहरूको महत्व बताउन । पर्व तथा अवसर विशेषमा बजाइने परम्परागत बाजाहरू चिन्न र त्यसको नाम बताउन | स्थानीय जातजाती र भाषाको सूचि तयार जस्तैः मैथिली, सुर्जापुरि,राजवंशि, ताजपुरिया केवरत आदि, स्थानीय साँस्कृतिक ऐतिहासिक, पुरातात्विक तथा धार्मिक मठ मन्दिर, गुम्बा,चर्च, मेला पर्व मस्जिदको महत्व जस्तैः कालि, मुन्दिर, राम मन्दिर आदि । विभिन्न अवसर तथा पर्वहरूमा बजाइने | स्थानीय विभिन्न भाषा र जातजाति सम्बन्धी जानकार व्यक्तिसँग भेट गराई स्थानीय क्षेत्रमा बसोबास गर्ने जातिजातको भाषाबारे बताउन लगाउने । स्थानीय क्षेत्रमा बोलिने भाषाहरूको सूची बनाई प्रस्तुत गर्ने । स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँ र मेला पर्व आदिको वारेमा जानकारी लिन कुनै विशेष पर्व तथा अवसरमा उक्त | आफ्नो घर परिवारका सदस्यहहरूले घरमा बोल्ने भाषाको सूची बनाउन लगाउने । स्थानीय क्षेत्रमा बोलिने भाषाको सूची बनाई प्रस्तुत गर्न लगाउने । आफ्नो विद्यालय वा घर नजिकको कुनै एक धार्मिक वा साँस्कृतिक ठाउँको परिचय दिन लगाउने । स्थानीय क्षेत्रमा भएका धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँ र मेला पर्वको सूची बनाई प्रस्तुत गर्न लगाउने | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बाजाहरूको सूची | क्षेत्रहरूको स्थलगत अध्ययन भ्रमण गराई त्यसको महत्वबारे बताइदिने । स्थानीय क्षेत्रमा उपलब्ध हुन सक्ने विभिन्न बाजाहरू ल्याइ प्रदर्शन गर्ने तथा प्रयोग गर्ने तरिका र कुन अवसर वा कार्यमा कुन बाजा बजाइन्छ भन्ने बारेमा बताईदिने । जस्तैः धिमे, बाँसुरी, झ्याम्टा, शंख, डमरु, सारङगी आदि । | । फोटो देखाई बाजाहरू चिन्न लगाउने । आवाज सुनाई बाजा चिन्न लगाउने । आफ्नो घरमा भएको बाजाको चित्र बनाई प्रस्तुत गर्न लगाउने | |
| सामाजिक मुल्य मान्यता र सकारातमक व्यवहार | आदर सत्कार | साथी, गुरु, परिवारका सदस्यहरू र छरछिमेकीसँग घुलमिल हुन र आदर गर्न | चिनजान गर्न, नमस्कार गर्न, समूहमा मिलेर बस्न,सामाजिक क्रियाकलापमा परिवारसँग गइ सहभागिता जस्तैः पाठपूजा, | कक्षामा विद्यार्थीहरूबिच नमूना समाज बनाइ अभिनय विधिद्वारा एक अर्काबिचमा अभिवादन गर्न सिकाउने । कुनै सामुहिक रुपमा खेल्नुपर्ने खेल एक्ला एक्लै र समुहमा | आदरार्थी शब्दहरको प्रयोग गरी वाक्य बनाउन लगाउने ।सबैलाई नमस्कार गरी आफ्नो नाम र घर परिवारमा को को हुनुहुन्छ बताउन लगाउने । समुहकार्यका फाइदाहरूबारे | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बिहे भोज भतेरमा सहभागी हुने, चिनजानका मानिसहरले गरेको प्रश्नको विनम्रता पूर्वक उत्तर दिने आदि । आफू ठूलालाई आदर र सानालाई माया जस्तैः तपाई हजुर जस्ता शब्दहरूको प्रयोग, साना भाईबिहिनीहरूलाई तिमी तपाई जस्ता शब्दको प्रयोग र माया । | खेलाउने र उक्तखेल समुहमा खेल्दा हुने सजिलाबारे बताईदिने । स्थानीय समाजसेवीले गरेका राम्रा कामहरू बताई राम्रा कार्यहरूमात्र गर्न प्रेरणा दिने । अभिवादन तथा सम्बन्ध दर्शाउने चित्र तथा कथाहरू प्रस्तुत गर्ने । | बताउन लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । | |
| स्थानीय पेशा, व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि | कृषि उत्पादनको परिचय दिन | तरकारीबाली, पशुपालन, पुष्प व्यवसायको परिचय | कृषिजन्य व्यवसाय र गतिविधि को सचित्र छलफल गराउने । स्थानीय हाटबजारको अवलोकन भ्रमण गराई त्यहाँ उपलब्ध समानहरू कुन कुन कृषिसँग सम्बन्धीत छन् बताई सूची | चित्रद्धारा उत्पादन र व्यवसाय चिन्न लगाउने । कृषि उत्पादन भन्नाले के बुझिन्छ परिचय दिन लगाउने । आफ्नो गाउँघरमा उत्पादन हुने विभिन्नवस्तुहरूको सूची | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बनाएर प्रस्तुत गर्ने । जस्तैः सागभएमा तरकारी खेती सँग सम्बन्धीत, फूल भएमा पुष्प व्यवसाय सँग सम्बन्धीत, दुध, दहि भएमा पशुपालन सँग सम्बन्धित आदि | बनाई प्रस्तुत गर्न लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने | |
| | व्यापार | समाजमा गरिने पेशा र व्यवसायको सुची बनाउन | विभिन्न व्यापार सँग सम्बन्धित व्यवसायहरूको सूची जस्तैः किराना पसल व्यवसाय, होटल व्यवसाय, इ व्यवसाय, औषधि पसल आदि | नजिकको बजार क्षेत्रको अवलोकन भ्रमण गराई त्यहा गरिएका व्यापारहरू टिपोट गर्न लगाई कुन व्यापार के सँग सम्बन्धीत छ भन्ने बारेमा बताइदिने । जस्तैः चामल पसल खाद्यान्न, साइबर इ व्यवसाय, रड सिमेन्ट हार्डवेयर आदि । मानिसहरूले घर छिमेकमा पेशा गरिरहेका फोटोहरू प्रर्दशन गरी सूची बनाउन | स्थानिय क्षेत्रमा गरिने विभिन्न व्यापारका पसलहरूको सूची बनाउन लगाउने । विभिन्न सामान र त्यससँग सम्बन्धीत व्यवपारहरूको जोडा मिलाउन लगाउने । फोटोहरू देखाई व्यापारको किसिम चिन्न लगाउने । बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | लगाउने र व्यापार सम्बन्धी छलफल गर्ने । | | |
| | उद्योग | स्थानीय उद्योग र उत्पादित वस्तुको पहिचान गर्न | स्थानीय साना तथा घरेलु मझौला र ठूला उद्योग, वित्तिय सस्थाहरूको सूची स्थानीय उद्योगहरूमा उत्पादन हुने वस्तुहरूको सूची | स्थानीय उद्योगको भ्रमण गराइ उत्पादीत वस्तुहरूको सुची तयार पारी प्रस्तुत गर्ने । उद्योग अनुसार फरक फरक उत्पादन हुन्छ भन्ने कुरा बुझाउन उद्योग र उत्पादित वस्तुहरूको सूची तयार पारी प्रस्तुत गर्ने । जस्तैः पानी उद्योगबाट पानी, मिलबाट चामल, तेल आदि । उत्पादन गर्ने संस्था र सेवा दिने संस्थाहरूबिच भिन्नता बताईदिने । जस्तैः चिनी उद्योगमा चिनी बन्छ भने वित्तीय संस्थाहरूले बैंकिंग | स्थानीय क्षेत्रमा भएका उद्योगहरूको सूची बनाउन लगाउने । स्थानीय उद्योगको र उत्पादीत बस्तुको नाम लेख्न लगाउने । स्थानीय क्षेत्रमा भएका वित्तीय संस्थाहरूको सूची बनाउन लगाउनेउद्योग र उत्पादन चिन्न बहुबैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धी सेबा दिन्छन् वा पैसा सम्बन्धी कारोबार गर्दछन् । | | |
| | पर्यटन | स्थानीय पर्यटकीय क्षेत्रहरूको सामान्य परिचय | स्थानीय मन्दिर, गुम्बा, मस्जिद आदि भ्रमण क्षेत्रको सामान्य परिचय | स्थानीय मन्दिर, गुम्बा, मस्जिद भ्रमण क्षेत्र आदिको अवलोकन भ्रमण गराई त्यहाँ के कस्ता पर्यटकहरू आउँदा रहेछन् र किन आउँदा रहेछन भन्ने बारेमा उक्त क्षेत्रको जानकार व्यक्तिलाई सोधी सूची तयार पारेर बताईदिने । घर वा विद्यालय नजिकको पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण वा फोटो प्रर्दशन गरी त्यसको परिचय, महत्व, त्यसक्षेत्रमा पर्यटकहरू आउने कारणबारे बताईदिने । | स्थानिय पर्यटकीय क्षेत्रहरूका चित्र देखाइ परिचय दिन लगाउने । आफ्नो घर वा विद्यालय नजिक पर्यटक आउनुका कारणहरूबारे सूची बनाउन लगाउने। स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची बनाउन लगाउने । घर नजिकको पर्यटकीय स्थलको फोटो सहितको परिचय दिन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय खेलहरु र योगाभ्यास | योग, ध्यानको प्रारम्भिक परिचय | स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन, योग ध्यानको प्रारम्भिक अभ्यास गर्न | स्थानीय क्षेत्रमा खेलिने खेलहरू डण्डिबियो, कपर्दी, भलिवल, फूटबल आदिको नामको सूची तयार गर्न, योग तथा ध्यानको सामान्य अभ्यास | स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची बनाई प्रस्तुत गर्ने र ठाउँ विशेष अनुसार कुनै मेला जात्रा वा पर्वमा कुनै खेल खेलिन्छ भने त्यसबारेमा बताइदिने । नजिकको खेलमैदानमा लगेर कुनै स्थानीय खेल खेलाउने । मेरुदण्ड सोझो बस्न बस्न लगाउने । ज्ञान मुद्रा( आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाकी तीन औंला सोझो गरेर घुडा माथि राखी शान्त बस्न लगाउने । | स्थानीय क्षेत्रमा खेलिने खेलहरूको सूची बनाउन लगाउने । ज्ञान मुद्राको अभ्यास गर्न लगाउने । | १० |

**कक्षा ४**

| क्षेत्र | मूख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. स्थानीय जनसंख्या, वातावरण र जैविक विविधता | जातजाात, जनसंख्या र वातावरण | • राजवंशी जातिको परिचय बताउन। <br>• स्थानिय जातिको वस्तीको सामान्य वस्तु स्थिति बारे बताउन। <br>• मानव निर्मित र प्राकृतिक वातावरणको परिचय दिन। | • सुनवर्षीमा रहेका राजवंशी जातिको छोटो परिचय । <br>• स्थानीय जातिहरुको सूची । <br>• वतावरणीय तत्वहरुको परिचय | • स्थानीय जातजातको बारेमा सोध्ने र विद्यार्थीको जवाफहरुलाई लिने। <br>• राजवंशीको बारेमा छोटो परिचय दिने । <br>• स्थानीय जातजातको बारेमा सूची सहित शिक्षकले सहजिकरण गरि स्पष्ट पारिदिने । <br>• वतावरणीय तत्वहरुको बारेमा सोध्ने र सहजिक | • स्थानीय जातजातिको नाम तथा सूची भन्न वा लेख्न लगाउने। प्रष्ट जवाफ नआए पृष्ठपोषण दिने । <br>• आफ्नो छरछिमेकमा रहेका जातिहरुको नाम भन्न लगाउने। <br>• वातावरणीय तत्वहरु के के हुन् भनी सोध्ने र नआए पृष्ठपोषण दिने। <br>• वतावरणीय तत्वहरुको आवश्यकताको कारणहरु सोध्ने । <br>• मानव निर्मित र प्राकृतिक वातावरण के हो भनी भन्न वा लेख्न लगाउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | रण मार्फत वातावरणीय तत्वहरुको बारेमा स्पष्ट पारिदिने।<br>• मानव निर्मित र प्राकृतिक वातावरण के हो भनी स्पष्ट पार्ने । | | | |
| | भौगोलिक अवस्था | • आफ्नो स्थानीय भूबनोट बताउन ।<br>• आफ्नो विद्यालय र वडाको भौगोलिक अवस्थितिको जानकारी दिन।<br>• | • आफू बसोबास गरिरहेको ठाउँको भौगोलिक स्थिति<br>• आफ्नो विद्यालयको भौगोलिक स्थिति।<br>• आफ्नो वडाको भौगोलिक स्थिति।<br>• आफ्नो बसोबासको चार | • विद्यार्थीहरुलाई आफू बसोबास गरिरहेको ठाउँको भौगोलिक अवस्थित बारे पहिला सोध्ने र स्पष्ट नभए शिक्षकले सहजिकरण गरी स्पष्ट पारिदिने। | • आफू बसोबास गरिरहेको ठाउँ पालिकाभित्र कहाँ पर्छ पहिचान गर्न लगाउने ।<br>• त्यसै गरी आफू पढ्ने विद्यालय कहाँ पर्छ भनी पहिचान गर्न लगाउने।<br>• त्यसै गरी आफू बस्ने वडा कहाँ पर्छ भनी पहिचान गर्न लगाउने।<br>• विद्यार्थीहरुलाई आफू बसोबास गर्दै गरेको ठाउँको चार सीमानामा रहेका पालिकाहरको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सीमानामा रहेका सीमाना पालिकाहरु।<br>• | • विद्यार्थीहरुलाई आफ्नो विद्यालय र वडाको बारेमा सोध्ने र स्पष्ट नभए सहजिकरण गरी स्पष्ट पारिदिने।<br>• विद्यार्थीहरुलाई आफू बसोबास गरिरहेको ठाउँको चार सीमानामा रहेको पालिकाहरुको नाम सोध्ने र स्पष्ट नभए सहजिकरण गरी बताई दिने। | नाम भन्न लगाउने।<br>• | |
| | जैविक विविधता | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाह | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरु। | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको | • स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नामको सूची | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रुको नाम बताउन।<br>• ती बोटविरुवाहरुको स्थानीय महत्व बताउन। | • स्थानीय बोटविरुवाहरुको स्थानीय महत्व।<br>• | बारेमा विद्यार्थीहरुलाई पहिला सोध्ने र त्यस पछि शिक्षकले थप सहजिकरण गर्ने।<br>• स्थानीय बोटविरुवाको महत्व तथा फाइदा बारे विद्यार्थीहरुलाई बताई स्पष्ट पार्ने । | भन्न तथा लेख्न लगाउने ।<br>• स्थानीय रुपमा पाइने बोटविरुवाको स्थानीय प्रयोग बारे भन्न तथा लेख्न लगाउने। | |
| | जलस्रोत | • पानीका श्रोतहरुको संरक्षणका उपायहरु बताउन ।<br>• बक्राहा खोलाको बारेमा सामान्य परिचय दिन । | • पानीका श्रोतहरुको संरक्षणका उपायहरु ( पानीका श्रोतहरु माटो, बालुवा तथा ढुङ्गाले नपुर्नु। पानीका श्रोत तथा | • सकेसम्म विद्यार्थीले जानेसम्म उनीहरुलाई पहिला पानीका श्रोतहरु भन्न लगाउने र अस्पष्ट भएमा शिक्षक | • पानीका श्रोतहरु बूँदागत रुपमा भन्न वा लेख्न लगाउने ।<br>• पानीका श्रोतका संरक्षणका उपायहरु भन्न वा लेख्न लगाउने ।<br>• बक्राहा खोलाको बारेमा केही भन्न वा लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खेती योग्य जमिनमा प्लटिङ नगर्नु आदि )<br>• बकाहा खोलाको सामान्य चिनारी । | ले सहजिकरण गरी स्पष्ट पारिदिनु पर्दछ।<br>• शिक्षकले विद्यार्थीलाई पानीका श्रोतहरुको संरक्षणका बारेमा बताई स्पष्ट पारिदिनु पर्दछ ।<br>• विद्यार्थीहरुलाई उनीहरुको घर नजिकै रहेका खोला तथा नदिहरुको बारेमा भन्न लगाउने र यसैसँग शिक्षकले विद्यार्थीहरुलाई स्थानीय खोला बकाहा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | को बारेमा जानकारी दिने । | | |
| | वातावरण प्रदूषण | • स्थानीय वातावरण प्रदूषणको परिचय दिन। | • स्थानीय वातावरण प्रदूषण को परिचय।<br>• | • सबै भन्दा पहिले विद्यार्थीहरुलाई उनीहरुले जानेसम्म वातावरण प्रदूषणको उदाहरणहरु भन्न लगाउने।<br>• शिक्षकले विद्यार्थीहरुलाई वातावरण प्रदूषण बारे स्पष्ट पारी उदाहरणहरु बताई दिनु पर्दछ । | • वातावरण प्रदूषण बारे भन्न वा लेख्न लगाउने।<br>• वतावरण प्रदूषणका उदाहरणहरु भन्न वा लेख्न लगाउने। | |
| | फोहोर-मैला व्यवस्थापन | • फोहोर मैला ठोस वा तरल हो भनी | • फोहोर मैलाको वर्गीकरण। | • विद्यार्थीहरुलाई उनीहरुले जानेका | • विद्यार्थीहरुलाई दुवै ठोस र तरल फोहोर मैलाको बेग्ला बेग्लै सूची बनाएर भन्न वा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वर्गीकरण गर्न ।<br>• | • | केही ठोस तथा केही तरल फोहोर मैलाको उदाहरणहरु भन्न वा लेख्न लगाउने।<br>• शिक्षकले केही फोहोर मैला लेखेर विद्यार्थीहरुलाई ठोस र तरल फोहोर मैला छुट्याउन प्रयास गर्न लगाउने।<br>• शिक्षकले ठोस र तरल फोहोर मैलाको बेग्ला बेग्लै सूची तयार पारी विद्यार्थीहरुलाई फोहोर मैलाको | लेख्न लगाउनु पर्दछ।<br>• ठोस र तरल सबै एउटै सूचीमा दिई विद्यार्थीहरुलाई फोहोर मैला वर्गीकरण गर्न प्रोत्साहन गर्नु पर्दछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | वर्गीकरण बारे स्पष्ट पार्नु पर्दछ।<br>• | | |
| २. प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरु तथा व्यवस्थापन | • सामान्य प्राकृतिक प्रकोपहरु बारे बताउन। जस्तै हावाहुरी, चट्याङ, आगलागि आदि।<br>• सवारी दुर्घटनाका कारणहरु बताउन ।<br>• | • प्राकृतिक प्रकोप( हावाहुरी, चट्याङ, आगलागि आदि)<br>• सवारी दुर्घटनाका कारणहरु ।<br>• | • विद्यार्थीहरुलाई प्राकृतिक प्रकोपका उदाहरणहरु भन्नलाई प्रोत्साहन गर्ने र शिक्षकले थप सहजिकरण गर्ने।<br>• शिक्षकले प्राकृतिक प्रकोपहरुको सूची सहित व्याख्या गरी विद्यार्थीहरुलाई स्पष्ट पार्ने।<br>• विद्यार्थीहरुलाई सवारी दुर्घटनाका | • विद्यार्थीहरुलाई प्राकृतिक प्रकोपहरुको सूची भन्न वा लेख्न लगाउने।<br>• अहिलेसम्म विद्यार्थीले आफ्नो जीवनमा भोगेका प्राकृतिक प्रकोपहरु बारे भन्न लगाउने।<br>• सवारी दुर्घटनाका कारणहरु बारे भन्न वा लेख्न लगाउने।<br>• अहिलेसम्म विद्यार्थीले देखेका वा भोगेका सवारी दुर्घटनाहरु भन्न लगाउने । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | कारणहरु के के हुन सक्छन् भनी सोध्ने र भन्नलाई प्रोत्साहन गर्ने।<br>• सवारी दुर्घटनाका कारणहरुको सूची सहित व्याख्या गरी स्पष्ट पार्ने ।<br>• | | | |
| ३.धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म र रीतिरिवाजको पहिचान । | • स्थानीय रुपमा बोलिने भाषाहरु भन्न/लेख्न ।<br>• स्थानीय ऐतिहासिक स्थलहरुको नाम भन्न वा लेख्न( जस्तै सुनवर्षी महाराज थान) ।<br>• सुनवर्षी क्षेत्रभित्र मनाइने चाडपर्वहरु | • स्थानीय भाषाहरु ।<br>• स्थानीय ऐतिहासिक स्थलहरु ।<br>• स्थानीय चाडपर्वहरु<br>• | • सबभन्दा पहिले शिक्षकले विद्यार्थीहरुलाई सुनवर्षी क्षेत्रभित्र बोलिने भाषहरु भन्न वा लेख्न प्रोत्साहन गर्ने र शिक्षकले थप सहजिकर | • विद्यार्थीहरुलाई स्थानीय रुपमा बोलिने भाषाहरुको सूची भन्न वा लेख्न लगाउने।<br>• विद्यार्थीहरुलाई स्थानीय ऐतिहासिक स्थलहरुको नाम भन्न वा लेख्न लगाउने।<br>• विद्यार्थीहरुलाई स्थानीय रुपमा मनाउने चाडपर्वहरुको नाम भन्न वा लेख्न लगाउने। | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | को नाम भन्न वा लेख्न ।<br>• | | ण गरिदिने।<br>• कक्षाभित्र विद्यार्थीहरुलाई उनीहरुले कुन कुन भाषा बोल्छन् भनी शिक्षकले सोध्ने र विद्यार्थीहरुलाई ध्यान दिएर सुन्न लगाउने।<br>• शिक्षकले स्थानीय भाषाहरुको सूची सहित विद्यार्थीहरुलाई प्रष्ट पार्ने ।<br>• शिक्षकले विद्यार्थीहरुलाई स्थानीय ऐतिहासिक स्थलहरुको नाम भन्न वा | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | लेख्न लगाउने र शिक्षकले थप सहजिकरण गरिदिने।<br>• शिक्षकले स्थानीय ऐतिहासिक स्थलहरुको सूची सहित प्रष्ट पारिदिने।<br>• शिक्षकले विद्यार्थीहरुले कुन कुन चाडपर्व मनाउँछन् भनी सोध्ने र थप सहजिकरण गर्ने।<br>• शिक्षकले स्थानीय रुपमा मनाउने चाडपर्वहरुको सूची सहित विद्यार्थी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | हरुलाई प्रष्ट पार्ने।<br>• | | | |
| | परम्परागत संगीत तथा बाजाको पहिचान र महत्व | • पर्व तथा विशेष अवसरमा जाति विशेषले गाउने गीत र बाजाहरुको नाम भन्न।<br>• स्थानीय संगीत तथा बाजागाजाहरुको पहिचान गर्न ।<br>• | • पर्व तथा विशेष अवसरमा गाइने जातिगत गीत।<br>• पर्व तथा विशेष अवसरमा बजाइने विशेष बाजाहरु।<br>• समग्रह स्थानीय संगीत तथा बाजाहरु (धिमे, बाँसुरी, झ्याम्टा, शङ्ख, डमरु, सारङ्गी, ढोलक, मृदङ्ग, हारमोनियम आदि)।<br>• | • विद्यार्थीहरुलाई स्थानीय रुपमा विशेष अवसरमा जाति विशेषले गाउने गीत तथा बाजाहरु भन्न प्रोत्साहन गर्ने र आवश्यक परे शिक्षकले सहजिकरण गर्ने।<br>• शिक्षकले स्थानीय रुपमा विशेष अवसरमा जाति विशेषले गाउने गीत र | • बाजागाजाहरुको चित्र देखाई पहिचान गर्न लगाउने ।<br>• सम्भव र उपलब्ध भए अडियो वा भिडियो देखाएर संगीत तथा बाजा पहिचान गर्न लगाउने ।<br>• संगीत तथा बाजाहरुको सूची भन्न वा लेख्न लगाउने। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बाजाहरुको सूची बोर्डमा लेखि हो वा होइन भनी छुट्याउन लगाउने ।<br>• सम्भव भएसम्मर उपलब्ध भएसम्म शिक्षकले विशेष अवसरमा गाइने जाती विशेषको गीत र बाजाहरुको भिडियो देखाएर सहजिकरण गर्ने ।<br>• स्थानीय रुपमा गाइने गीत र बाजा उपलब्ध भएसम्म भिडियो सहितको | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सूची बनाएर विद्यार्थीहरुलाई सहजिकरण गर्ने। | | | |
| ४.सामाजिक मूल्य,मान्यता, कुरीति र सकारात्मक व्यवहार | साथी, घरपरिवार, कर्मचारी, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार | • स्थानीय असल सस्कारको अनुशरण गर्न ।<br>• असल संस्कार के हो ? भनी व्यक्त गर्न ।<br>• विद्यालयको नीति/ नियम भन्न/लेख्न<br>• विद्यालयको नीति/नियम पालना गर्न ।<br>• | • असल संस्कारको अनुशरण ।<br>• असल संस्कारको पहिचान र अभिव्यक्त ।<br>• विद्यालयको नीति/ नियम तथा संस्कार<br>• विद्यालयको नीति/ नियम पालना । | • स्थानीय गाउँघरमा असल संस्कार बोकेका व्यक्तिको उदाहरण दिने ।<br>• तिनका चालचलन, बोली, व्यवहार, पहिरनका बारेमा बताउने ।<br>• असल संस्कारका अन्य व्यक्तिहरुको पहिचान गर्न लगाउने ।<br>• विद्यालयमा प्रवेशदेखि विदा हुने बेलासम्म | • असल बानी-बेहोराका व्यक्तिहरु गाउँघरमा कोको छन् भनी सोध्ने ।<br>• उनीहरुको बोली, बानी, खान-पान, पहिरन कस्तो छ भन्न लगाउने ।<br>• कक्षाकोठा, प्रार्थना, कार्यालय, चर्पी, खानेपानीको प्रयोगगमा पालना गर्नुपर्ने नीति/ नियमका वारे भन्न/लेख्न लगाउने ।<br>• | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | म कक्षाकोठा, अफिस र प्राङगण समेतमा पालना गर्नु पर्ने नीति/ नियमका वारेमा बताउने ।<br>• नीति/ नियम पालना गर्नुको प्रतिफलका वारेमा जानकारी दिने । | | |
| समाजको अवधारणा, स्थानीय प्रथा र कुरीतिहरु | • घरायसी कामकाजमा सहयोग र सहकार्यको आवश्यकता बताउन ।<br>• कर्मप्रतिको आस्था र मोहको प्रेरणा बताउन।<br>• | • घरायसी कामकाजमा सहयोग र सहकार्य<br>• कर्मप्रतिको आस्था र मोहको प्रेरणा<br>• | • घरायसी कामकाजमा सहयोग र सहकार्य किन आवश्यक पर्छ भनी सोध्ने र जवाफको लागि विद्यार्थीहरुलाई | • हामीले काम किन गर्नु पर्दछ भनी विद्यार्थीहरुलाई सोध्ने ।<br>• काम गर्दा सहयोग र सहकार्य किन चाहिन्छ भनी सोध्ने ।<br>• मानिसले कर्मप्रति किन आस्था राख्छन् भनी सोध्ने।<br>• मनिसले कर्मप्रति किन मोह राख्छन् | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रोत्साहन गर्ने। <br>• घरायसी कामका जमा सहयोग र सहकार्य को बारेमा विशेष उदाहरणा सहित प्रस्ट पार्ने। <br>• घरायसी कामका जमा सहयोग र सहकार्य को फाइदा तथा महत्व विद्यार्थीहरुलाई बताउने। <br>• कर्मप्रति मानिसको आस्था तथा मोहको प्रेरणा बारे विद्यर्थीहरुलाई सहजिकरण तथा छलफल गरी | भनी प्रश्न सोध्ने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रस्ट पार्ने। <br>• | | | |
| ५. स्थानीय पेशा,व्यवसाय र आर्थिक क्रियाकलाप | कृषि | • कृषि उत्पादनको प्रकार(अन्न, दलहन र तेलहन) बताउन | • कृषि उत्पादन को प्रकार <br>• | • केही कृषि उत्पादन हरु विद्यार्थी लाई उनीहरु ले जानेसम्म भन्न वा लेख्नलाई प्रोत्सान गर्नै॥ जस्तै धान, गहुँ, मकै, तोरी आदि। <br>• उनीहरु को घरमा वर्ष भरीमा उत्पादन हुने कृषि उत्पादन हरु भन्न वा लेख्न लगाउने । <br>• स्थानीय उत्पादन मा | • कृषि उत्पादनहरु के के हुन् भनी सोध्ने। <br>• तिम्रो घरमा के कस्ता कृषि उत्पादनहरु हुन्छन् भनी सोध्ने वा लेख्न लगाउने। <br>• कृषि उत्पादनमा अन्नहरु के के पर्दछन् भनी सोध्ने वा लेख्न लगाउने । <br>• कृषि उत्पादनमा दलहनहरु के के पर्दछन् भनी सोध्ने वा लेख्न लगाउने । <br>• कृषि उत्पादनमा तेलहनहरु के के पर्दछन् भनी सोध्ने वा लेख्न लगाउने । <br>• | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अन्नको सूची सहित विद्यार्थी हरुलाई स्पष्ट पार्ने ।जस्तै धान, गहुँ, मकै आदि।<br>• स्थानीय उत्पादन मा दलहनको सूची सहित विद्यार्थी हरुलाई स्पष्ट पार्ने ।जस्तै मास दाल, मुसरो दाल, मुङ् दाल आदि।<br>• स्थानीय उत्पादन मा तेलहन को सूची सहित विद्यार्थी हरुलाई स्पष्ट पार्ने ।जस्तै | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तोरी, सरसिउँ, सूर्यमूखि आदि।<br>• | | |
| | व्यापार | • व्यापार के हो भनी बताउन ।<br>• पेशा के हो भनी बताउन ।<br>• व्यापार तथा पेशाका केही उदाहरणहरु बताउन।<br>• व्यापार र पेशाबीच फरक बताउन।<br>• | • व्यापार को परिचय<br>• पेशाको परिचय<br>• व्यापार र पेशाको फरक<br>• | • सर्व प्रथम व्यापार तथा पेशा के हो भनी विद्यार्थी हरुलाई भन्नलाई प्रोत्साह न गर्नु पर्दछ र आवश्य क परे शिक्षक ले थप सहजिक रण गर्नु पर्दछ<br>• शिक्षक ले व्यपारक ो सूची सहित विद्यार्थी हरुलाई प्रस्ट पार्नु पर्दछ।<br>• त्यसै गरी शिक्षक ले पेशाको सूची सहित | • व्यापार के हो भनी विद्यार्थीहरुलाई भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• व्यापारको सूची भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• पेशा के हो भनी विद्यार्थीहरुलाई भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• पेशाको सूची भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• व्यापार र पेशाबीच के फरक छ भनी भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरुलाई प्रस्ट पार्नु पर्दछ।<br>• शिक्षकले विद्यार्थीहरुलाई व्यापार र पेशा बीचको फरकको अवधारणा पनि बुझाइदिनु पर्दछ। | | |
| | उद्योग | • उद्योग के हो भनी बताउन।<br>• उद्योगका प्रकारहरु बताउन। | • उद्योगको परिचय ।<br>• उद्योगको वर्गीकरण । | • शिक्षकले स्थानीय रुपमा उपलब्ध केही उद्योगहरुको सूची कक्षामा प्रस्तुत् गरी त्यस्तै खालको उदाहरणहरु प्रस्तुत् गर्न विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने। | • उद्योग के भनी विद्यार्थीहरुलाई भन्न वा लेख्न लगाउने।<br>• बोर्डमा उद्योगहरुको नाम लेखी विद्यार्थीहरुलाई उद्योगका प्रकार छुट्याउन लगाउने ।<br>• विद्यार्थीहरुलाई प्रकार सहित उद्योगको उदाहरणहरु भन्न वा लेख्न लगाउने।<br>• सामूहिक छलफल गराई उद्योगहरुको वर्गीकरण गर्न र उदाहरणहरु भन्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • उदाहरणा सहित उद्योगको अर्थ र परिभाषा विद्यार्थीहरुलाई प्रस्ट पार्ने। • उदाहरणा सहित उद्योगको प्रकार( घरेलु, साना, मझौला र ठूला) तथा वर्गीकरणा विद्यार्थीहरुलाई प्रस्ट पार्ने र उनीहरुलाई पनि भन्न लगाउने। • उद्योगको प्रकार अनुसार उदाहरणाहरु विद्यार्थी समक्ष प्रस्तुत गर्ने। | वा लेख्न लगाउने। • | |
| | पर्यटन | • पर्यटकीय क्षेत्रको | • पर्यटकीय क्षेत्रको | • पर्यटकीय क्षेत्र के हो | • विद्यार्थीहरुलाई पर्यटकीय क्षेत्र के | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय दिन।<br>• स्थानीय पर्यटकीय क्षेत्रहरुको नामहरु भन्न। | परिचय।<br>• | भन्ने सम्बन्धमा विद्यार्थीहरुलाई उहाहरण सहित प्रस्ट पार्ने।<br>• माथिको परिभाषा र अर्थको आधारमा विद्यार्थीहरुलाई आफ्नो स्थानीय तहमा रहेका पर्यटकीय स्थलहरुको नाम भन्न लगाउने र शिक्षकले थप सहजिकरण गरिदिने। | हो भनी भन्न वा लेख्न लगाउने।<br>• विद्यार्थीहरुले जानेका पर्यटकीय स्थलहरुको नामहरु भन्न वा लेख्न लगाउने।<br>• आफ्नो घरदेखि नजिकै पायक पर्ने पर्यटकीय स्थलहरुको नाम भन्न वा लेख्न लगाउने।<br>• आफ्नो स्थानीय तहमा पर्ने पर्यटकीय स्थलहरुको सूची निर्माण गर्न लगाउने। | |
| ६. स्थानीय खेलहरु र | स्वास्थ्य र स्थानीय स्तरमा | • योगाभ्यासका आसनहरुको सामान्य | • योगाभ्यासका विभिन्न आसनह | • योगाभ्यासका विभिन्न आसनह | • विद्यार्थीहरुलाई विभिन्न आसनहरु गरेर देखाउन लगाउने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| योगाभ्यास | खेलिने खेलहरुको परिचय | परिचय दिन ।<br>• कबडी खेलको सामान्य परिचय दिई नियम बताउन ।<br>• कबडी खेलको अभ्यास गर्न । | रुको सामान्य परिचय।<br>• कबडी खेलको परिचय ।<br>• कबडी खेलको नियमहरु ।<br>• कबडी खेलको अभ्यास । | रु उपलब्ध भए भिडियो मार्फत नभए चित्रहरु देखाई सबै आसनहरुको बारेमा सामान्य व्याख्या गरी विद्यार्थीलाई प्रस्ट पार्ने ।<br>• उनीहरुले जानेका आसनहरुको बारेमा उनीहरुलाई नै भन्न वा लेख्न लगाउन र शिक्षकले थप सहजिकरण गरिदिने।<br>• कबडी खेल तराईको प्रचलित खेल भएको | । नजानेमा थप पृष्ठपोषण दिने।<br>• कबडी खेलको सामान्य परिचय दिई नियमहरु भन्न लगाउने।<br>• विद्यार्थीहरुलाई समूह समूहमा विभाजन गरी कबडी खेल्न लगाउने र शिक्षकले अवलोकन गर्दै पृष्ठपोषन दिने गर्नु पर्दछ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ध्यान | | | हुनाले पहिला विद्यार्थी हरुलाई नै यस बारे केही भन्न वा लेख्न लगाउने ।<br>• अझ कबडी खेलको बारेकमा बढी स्पष्ट हुन शिक्षक ले यस खेलका बारेमा सबै नियम र तरिका भनेर खेल मैदानमा लगी खेलाउँदै नबुझिए को ठाउँमा बुझाउँदै खेलाउँदै गर्नु पर्दछ ।<br>• | | |
| | योग तथा ध्यान | • योग तथा ध्यानको सामान्य | • योग तथा ध्यानको | • पहिला शिक्षक ले | • योग तथा ध्यानको बारेमा विद्यार्थीहरुलाई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय दिन ।<br>• योगसँग सम्बन्धित केही अभ्यासहरुको परिचय दिन।<br>• | सामान्य परिचय।<br>• योगसँग सम्बन्धित अभ्यासहरु ।<br>• | योगको परिचय दिई केही योग अभ्यास तथा ध्यानका अभ्यासहरु विद्यार्थीहरुलाई प्रदर्शन गरेर देखाउनु पर्दछ जसले गर्दा विद्यार्थीहरुले योग तथा ध्यान सजिलै बुजून्।<br>• यस पछि उनीहरुले जानेका योग अभ्यासहरु गर्न प्रोत्साहन प्रदान गर्नु पर्दछ।<br>• उपलब्ध हुँदा भिडियो सहित नभए | भन्न वा लेख्न लगाउनु पर्दछ।<br>• समूहमा विभाजन गरी फरक फरक अभ्यास गर्ने जिम्मा समूहहरुलाई दिई शिक्षकले अवलोकन गर्दै पृष्ठपोषण प्रदान गर्नुपर्दछ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | चित्र देखाउँदै विभिन्न योग अभ्याहरुको बारेमा विद्यार्थीहरुलाई स्पष्ट पार्नु पर्दछ ।<br>• विद्यार्थीहरुलाई समूह समूहमा विभाजन गरी योग तथा ध्यानको बारेमा छलफल तथा अन्तर्रक्रया गराउनु पर्दछ। | | |

**कक्षा ५**

| क्षेत्र | मूख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. स्थानीय जनसंख्या, वातावरण र | जातजात, जनसंख्या र वातावरण | • राजवंशी जातिको परिचय बताउन।<br>• स्थानिय जातिको वस्तीको | • सुनवर्षी नगरपालिकामा रहेका विभिन्न जातिगत समन्वय | • सुनवर्षी नगरपालिकामा रहेका विभिन्न जातजातिहरुको नाम उनीहरुले | • स्थानीय जातजातको नाम तथा सूची भन्न वा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जैविक विविधता | | सामान्य वस्तु स्थिति बारे बताउन। <br>• मानव निर्मित र प्राकृतिक वातावरणको परिचय दिन। | बताउन । <br>• सुनवर्षी नगरभित्र रहेका बस्तीहरुको सामान्य बस्तु स्थिति बताउन । <br>• मानव निर्मित तथा प्राकृतिक वातावरणको परिचय दिन। <br>• | जानेसम्मका नामहरु भन्न प्रोत्साहित गर्ने। <br>• स्थानीय जातजातिको बारेमा शिक्षकले सहजिकरण गरि स्पष्ट पारिदिने । <br>• विभिन्न जातजातिबीचको जातीय समन्वय बारे पनि विद्याथीहरुलाई सहजिकरण गरी थप स्पष्ट पारिदिने <br>• वडागत रुपमा रहेका विभिन्न जातजातिको सामान्य चिनारी विद्यार्थीहरुलाई प्रदान गर्ने। <br>• सुनवर्षीको प्राकृतिक तथा मानव निर्मित वातावरणको सम्बन्धमा छोटो चिनारी विद्यार्थी | लेख्न लगाउने। प्रष्ट जवाफ नआए पृष्ठपोषण दिने । <br>• आफ्नो छरछिमेकमा रहेका जातिहरुको नाम भन्न लगाउने। <br>• विभिन्न जातजातिहरु एकआपसमा कसरी बसेका छन् भनी सोध्ने र अस्पष्ट भए शिक्षकले थप सहजिकरण गरिदिने वा पृष्ठपोषण दिने । <br>• सुनवर्षीको प्राकृतिक तथा मानव निर्मित वातावरणको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | माझमा पस्कने। | बारेमा भन्न वा लेख्न लगाउने।<br>• | |
| | भौगोलिक अवस्था | • सुनवर्षी नगरपालिकाको चिनारी बताउन ।<br>• नगर कार्यपालिकाको गठन प्रक्रिया बताउन। | • सुनवर्षी नगरपालिकाको चिनारी ।<br>• नगर कार्यपालिकाको गठन। | • नक्सा सहित सुनवर्षीको भौगोलिक अवस्थिति: प्रदेश, जिल्ला, चार सीमानाका छिमेकी पालिकाहरु बारे शिक्षण तथा सहजिकरण गरी नगरको भौगोलिक चिनारी बारे प्रष्ट पार्ने।<br>• नगर प्रमूख, उपप्रमूख, प्रमूख प्रशासकीय अधिकृत र सबै वडाका अडाध्यक्षहरुको फोटो सहितको छोटो चिनारी प्रदान गर्ने।<br>• नगर कार्यपालिकाको विस्तृत् गठन प्रक्रिया बोर्डमा लेखी विद्यार्थीहरुल | • आफू बसोबास गरिरहेको ठाउँ पालिकाभित्र कहाँ पर्छ पहिचान गर्न लगाउने ।<br>• त्यसै गरी आफू पढ्ने विद्यालय कहाँ पर्छ भनी पहिचान गर्न लगाउने।<br>• त्यसै गरी नगरपालिकाको कार्यालय कहाँ पर्छ भनी पहिचान गर्न लगाउने।<br>• विद्यार्थीहरुलाई आफू बसोबास गर्दै | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ाई गठन प्रक्रियाको सम्बन्धमा स्पष्ट पार्ने।<br>• नगर कार्यपालिकाको गठनको चार्ट विद्यार्थीहरुलाई प्रदान गर्ने। | गरेको पालिकाको चार सीमानामा रहेका पालिकाहरको नाम भन्न लगाउने।<br>• प्रदेश र जिल्लामा सुनवर्षी कहाँ पर्छ भनी नक्सा बनाउन लगाउने र नक्सा बनाउन सहजिकरण गर्ने<br>• नगर कार्यपालिकाको गठनको चार्ट विद्यार्थीहरुलाई बनाउन लगाउने।<br>• | |
| | जैविक विविधता | • स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा पक्षीहरुको नाम बताउन। | • स्थानीय जीवजन्तु तथा पक्षीहरु ।<br>• स्थानीय जीवजन्तु तथा | • स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा पक्षी बारे विद्यार्थीहरुलाई पहिला | • आफ्नो घर र छिमेकमा भएका जीवजन्तु तथा पक्षीहरुको नामको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा पक्षीहरुको महत्व बताउन। | पक्षीहरुको महत्व। | सोध्ने र त्यस पछि शिक्षकले थप सहजिकरण गर्ने।<br>• जीवजन्तु तथा पक्षीहरुको सूची बोर्डमा लेखेर उनीहरुको गाउँघरमा भएका जीवजन्तु तथा पक्षीहरु छुट्याउन लगाउने र शिक्षकले थप सहजिकरण गरिदिएर प्रस्ट पारिदिने।<br>• स्थानीय जीवजन्तु तथा पक्षीहरु के के काममा प्रयोग गरिन्छ भनी सोध्ने र भन्नलाई प्रोत्साहित गर्दै सहजिकरण गर्दै प्रस्ट पारिदिने।<br>• जीवजन्तु तथा पक्षी | सूची भन्न वा लेख्न लगाउने।<br>• स्थानीय क्षेत्रमा पाइने जीव जन्तुहरुको नामको सूची भन्न तथा लेख्न लगाउने।<br>• स्थानीय क्षेत्रमा पाइने पक्षीहरुको नामको सूची भन्न तथा लेख्न लगाउने।<br>• जीवजन्तु तथा पक्षीको प्रयोगको तालिका लेख्न लगाउने।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | र तिनीहरुको काम तथा प्रयोग बारे तालिका बनाएर यिनीहरुको महत्व बारे स्पष्ट पारिदिने। | | |
| | जलस्रोत | • जमिनमुनिको पानीको परिचय दिन ।<br>• पानी शुद्धिकरणका उपायहरु बताउन ।<br>• जमिन सतहको पानीको स्वच्छताका उपायहरु बताउन।<br>• | • जमिनमुनिको पानीको परिचय<br>• पानी शुद्धिकरणका उपायहरु ।<br>• जमिन सतहको पानीको स्वच्छताका उपायहरु बताउन। | • सकेसम्म विद्यार्थीले जानेसम्म उनीहरुलाई पहिला पानीका श्रोतहरु भन्न लगाउने र अस्पष्ट भएमा शिक्षकले सहजिकरण गरी स्पष्ट पारिदिनु पर्दछ।<br>• अहिलेसम्म पानी शुद्ध पार्न के कस्ता उपायहरु अपनाएका छन् भनी सोध्ने र भन्नलाई प्रोत्साहन गर्ने।<br>• शिक्षकले सकेसम्म र उपलब्ध भएसम्म | • पानीका श्रोतहरु बूँदागत रुपमा भन्न वा लेख्न लगाउने ।<br>• पानीका श्रोतका संरक्षणका उपायहरु भन्न वा लेख्न लगाउने ।<br>• बकाहा खोलाको बारेमा केही भन्न वा लेख्न लगाउने ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पानी शुद्धिकरणका उपायहरु प्रयोगात्मक रुपमा गरेर देखाएर सहजिकरण गर्ने नभए भिडियो वा चित्र मार्फत व्याख्या गरी सहजिकरण गर्ने।<br>• जमिन सतहको पानी कसरी स्वच्छ राख्न सकिन्छ भनी सोध्ने र भन्नलाई सहजिकरण गर्ने।<br>• शिक्षकले जमिन सतहको पानी स्वच्छ राख्ने उपायहरु विद्याथीहरुलाई बताएर सहजिकरण गर्ने।<br>• | | |
| | वातावरणा प्रदूषण | • वातावरण प्रदूषणका प्रकारहरु( वायु, जल, जमिन र ध्वनी प्रदूषण) बताउन । | • वातावरणा प्रदूषणका प्रकारहरु ।<br>• | • सबै भन्दा पहिले विद्यार्थीहरुलाई उनीहरुले जानेसम्मका वातावरण प्रदूषणका उदाहरणहरु | • वातावरणा प्रदूषणका प्रकारहरु बारे भन्न वा लेख्न लगाउने। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • | | भन्न लगाउने। • शिक्षकले विद्यार्थीहरुलाई वातावरण प्रदूषणका प्रकारहरु( वायु, जल, जमिन र ध्वनी प्रदूषण) बारे एक एक गरी उदाहरणहरु सहित बताई दिनु पर्दछ । | • वतावरण प्रदूषणका उदाहरणहरु लेखी विद्यार्थीहरुलाई प्रदुषणका प्रकारहरु छुट्याउन लगाउने। • समूह विभाजन गरी फरक फरक वातावरणा प्रदूषणका शीर्षक दिई सामूहिक छलफल गर्न लगाई भन्न ला लेख्न लगाउने। | |
| | फोहोर-मैला व्यवस्थापन | • फोहोर मैलाका असरहरु बताउन। | • फोहोर मैलाका असरहरु । • | • विद्यार्थीहरुलाई उनीहरुले जानेका केही फोहोर मैलाका उदाहरणहरु भन्न वा लेख्न लगाउने। • विद्यार्थीहरुले जानेका फोहोर | • विद्यार्थीहरुलाई फोहोर मैलाका असरहरु भन्न वा लेख्न लगाउनु पर्दछ। • सबै खालका असरहरु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मैलाका सम्भावित असरहरु भन्नलाई उत्प्रेरित गर्ने।<br>• शिक्षकले फोहोर मैलाका असरहरुलाई बुँदागत रुपमा बोर्डमा लेखी एक एक गरी उदाहरण सहित प्रस्ट पार्नु पर्दछ।<br>• उपलब्ध भएसम्म फोहोर मैलाका असरहरुका पोष्टर तथा भिडियोहरु प्रदर्शन गर्नु पर्दछ। | को सूची दिई फोहोर मैलाका असरहरु मा ठीक चिन्ह लगाउन दिनु पर्दछ ।<br>• उपयुक्त चित्रसँग उपयुक्त असर जोडा मिलाउने अभ्यास दिनु पर्दछ ।<br>• | |
| २. प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र बच्ने उपायहरु तथा व्यवस्थापन | • बाढी, पहिरो, भूक्षय तथा भूकम्पको परिचय दिन।<br>• बाढी, पहिरो, भूक्षय तथा भूकम्पको कारणहरु पहिचान गर्न ।<br>• सवारी दुर्घटनाबाट हुने असरहरु बताउन । | • बाढी, पहिरो, भूक्षय तथा भूकम्पको परिचय ।<br>• बाढी, पहिरो, भूक्षय तथा भूकम्पका कारणहरु | • विद्यार्थीहरुलाई प्राकृतिक प्रकोपका उदाहरणहरु भन्नलाई प्रोत्साहन गर्ने र शिक्षकले थप सहजिकरण गर्ने।<br>• शिक्षकले प्राकृतिक प्रकोपहरु( | • विद्यार्थीहरुलाई प्राकृतिक प्रकोपहरुको सूची भन्न वा लेख्न लगाउने।<br>• अहिलेसम्म विद्यार्थीले आफ्नो जीवनमा भोगेका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • | को पहिचान। <br>• सवारी दुर्घटना का असरहरु । <br>• | बाढी, पहिरो, भूक्षय तथा भूकम्प) को सूची सहित व्याख्या गरी विद्यार्थीहरुलाई स्पष्ट पार्ने। <br>• यसै गरी विद्यार्थीहरुलाई उनीहरुले जाने सम्मका बाढी, पहिरो, भूक्षय तथा भूकम्पका कारणहरु के हो भनी सोध्ने र भन्नलाई प्रोत्साहन गर्ने। <br>• शिक्षकले प्राकृतिक प्रकोपहरु( बाढी, पहिरो, भूक्षय तथा भूकम्प)का कारणहरुको उचित ढङ्गले पहिचान गर्ने विधि तथा तरिकाहरु बताएर स्पष्ट पार्ने। | प्राकृतिक प्रकोपहरु बारे भन्न लगाउने। <br>• बाढी, पहिरो, भूक्षय तथा भूकम्पको परिचय भन्न वा लेख्न लगाउने । <br>• बाढी, पहिरो, भूक्षय तथा भूकम्पका कारणहरु के के हुन् भनी भन्न वा लेख्न लगाउने र आवश्यक परे थप सहजिकरण गर्ने । <br>• सवारी दुर्घटनाका सम्भावित असरहरु भन्न वा लेख्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • विद्यार्थीहरुले जानेका सवारी दुर्घटनाका असरहरु भन्नलाई उत्प्रेरित गर्ने। <br>• उपलब्ध भएसम्म भिडियो सहित नभए चित्र सहित सवारी दुर्घटनाका असरहरु विद्यार्थीहरुलाई प्रस्ट पार्नु पर्दछ। <br>• | लगाउने । | |
| ३.धार्मिक, साँस्कृतिक, ऐतिहासिक र भाषिक सम्पदा | स्थानीय साँस्कृतिक सम्पदा, भाषा, धर्म र रीतिरिवाजको पहिचान । | • स्थानीय रुपमा बोलिने भाषाहरु भन्न/लेख्न । <br>• स्थानीय ऐतिहासिक स्थलहरुको महत्व बताउन । <br>• स्थानीय चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन । <br>• सुनवर्षीका धार्मिक तथा साँस्कृतिक सँस्थाहरुको नाम बताउन । | • स्थानीय भाषाहरु । <br>• स्थानीय ऐतिहासिक स्थलहरु। <br>• स्थानीय चाडपर्वहरुका क्रियाकलापहरु । <br>• सुनवर्षीका धार्मिक तथा साँस्कृतिक सँस्थाहरु । | • सबभन्दा पहिले शिक्षकले विद्यार्थीहरुलाई सुनवर्षी क्षेत्रभित्र बोलिने भाषहरु भन्न वा लेख्न प्रोत्साहन गर्ने र शिक्षकले थप सहजिकरण गरिदिने। <br>• शिक्षकले विद्यार्थीहरुलाई स्थानीय ऐतिहासिक स्थलहरुको | • विद्यार्थीहरुलाई स्थानीय रुपमा बोलिने भाषाहरुको सूची भन्न वा लेख्न लगाउने। <br>• विद्यार्थीहरुलाई स्थानीय ऐतिहासिक स्थलहरुको नाम भन्न वा लेख्न लगाउने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • | • | नाम भन्न वा लेख्न लगाउने र शिक्षकले थप सहजिकरण गरिदिने।<br>• शिक्षकले स्थानीय ऐतिहासिक स्थलहरुको सूची सहित प्रष्ट पारिदिने।<br>• विद्यार्थीहरुलाई उनीहरुले मनाउने चाडपर्वमा गर्ने विविध क्रियाकलापहरुबारे भन्नलाई उत्प्रेरित गर्ने ।<br>• शिक्षकले स्थानीय रुपमा मनाउने चाडपर्वहरुको सूची र ती चाडपर्वमा गरिने क्रियाकलाप सहित विद्यार्थीहरुलाई प्रष्ट पार्ने।<br>• विद्यार्थीहरुल जानेका सुनवर्षीका धार्मिक तथा | • विद्यार्थीहरुलाई स्थानीय रुपमा मनाउने विशेष चाडपर्वहरुमा गरिने क्रियाकलापहरु भन्न वा लेख्न लगाउने।<br>• विद्यार्थीहरुलाई समूहमा विभाजन गरी एकआपसमा आफूहरुले मनाउने चाडपर्वमा गरिने क्रियाकलापहरु साटासाट गर्न लगाउने र शिक्षकले अवलोकन गर्नु पर्दछ।<br>• सुनवर्षीमा रहेका धार्मिक तथा साँस्कृतिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सााँस्कृतिक संस्थाहरुको नाम भन्नलाई उत्प्रेरित गर्नु पर्दछ।<br>• सुनवर्षीका धार्मिक तथा सााँस्कृतिक संस्थाहरुको सूची चित्र सहित प्रस्ट पार्नु पर्दछ।<br>• | संस्थाहरु को सूची भन्न वा लेख्न लगाउनु पर्दछ । | |
| | परम्परागत संगीत तथा बाजाको पहिचान र महत्व | • स्थानीय क्षेत्रका परम्परागत गीत, नृत्य र बाजाहरुको महत्व बताउन।<br>• | • स्थानीय क्षेत्रका परम्परागत गीत, नृत्य र बाजाहरुको महत्व।<br>• | • विद्यार्थीहरुलाई स्थानीय रुपमा विशेष अवसरमा जाति विशेषले गाउने गीत तथा बाजाहरु भन्न प्रोत्साहन गर्ने र आवश्यक परे शिक्षकले सहजिकरण गर्ने।<br>• सम्भव भएसम्म र उपलब्ध भएसम्म शिक्षकले विशेष अवसरमा गाइने | • विशेष अवसरमा गाइने जातिगत गीतको महत्व भन्न वा लेख्न लगाउने।<br>• विद्यार्थीहरुलाई आफ्नो समुदायको विशेष अवसरमा गाइने विशेष गीतको अर्थ र महत्व भन्न लगाउने ।<br>• आफ्नो समुदायको गीत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जाती विशेषको गीत र बाजाहरुको भिडियो देखाएर विद्यार्थीहरुलाई उनीहरुले जाने अनुसार ती जातीय गीत र बाजाको महत्व भन्न लगाउने ।<br>• शिक्षकले ती विशेष अवसरमा जाति विशेषले गाउने गीत र बाजा बारे एक एक गरी सबैको महत्व विद्यार्थीहरुलाई स्पष्ट पारिदिने। | गाउन सक्ने विद्यार्थीहरुलाई गीत गाउँदै त्यसको अर्थ र महत्व भन्न लगाउने ।<br>• यसै गरी विशेष अवसरमा बजाइने बाजाहरुको नाम भन्न वा लेख्न लगाउने।<br>• बाजाहरुको सूची दिई कुन कुन अवसरमा बजाइन्छ भनेर भन्न वा लेख्न लगाउने । | |
| ४.सामाजिक मूल्य,मान्यता, कुरीति र सकारातमक व्यवहार | साथी, घरपरिवार, कर्मचारी, शिक्षक, छिमेकी पहिचान र आदर सत्कार | • प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सभ्यताको पहिचान र ग्रहण गर्न ।<br>• | • प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सभ्यताको | • स्थानीय गाउँघरमा असल संस्कार बोकेका व्यक्तिको उदाहरण दिने । | • असल बानी-बेहोराका व्यक्तिहरु गाउँघरमा कोको छन् भनी सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पहिचान ।<br>• प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सभ्यताको ग्रहण ।<br>• | • तिनका चालचलन, बोली, व्यवहार, पहिरनका बारेमा बताउने ।<br>• असल संस्कारका अन्य व्यक्तिहरुको पहिचान गर्न लगाउने ।<br>• प्रचलित असल संस्कार, आचरण, मूल्य मान्यता र सभ्यताको पहिचान कसरी गर्ने सम्बन्धमा पहिचान गर्ने तरिकाहरु बताउने ।<br>• प्रचलित कस्ता संस्कार, आचरण, मूल्य मान्यता र सभ्यता ग्रहण गर्ने वा नगर्ने सम्बन्धमा प्रस्ट पार्ने । | • उनीहरुको बोली, बानी, खान-पान, पहिरन कस्तो छ भन्न लगाउने ।<br>• कस्ता संस्कार र मूल्य मान्यता ग्रहण गर्ने वा नगर्ने भनी भन्न वा लेख्न लगाउने ।<br>• विभिन्न संस्कारका पोष्टर तथा भिडियो देखाएर असल संस्कार र कुसंस्कार पहिचान<br>• गर्न लगाउने र अस्पष्ट भए थप सहजिकरण गरिदिनु पर्दछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समाजको अवधारण , स्थानीय प्रथा र कुरीतिहरु | • स्थानीय समुदाय र समाज बनोटको परिचय दिन ।<br>• टोल, वडा, संघ संस्था आदिको आवश्यकता र महत्व बताउन ।<br>• | • स्थानीय समुदाय र समाज बनोटको परिचय ।<br>• टोल, वडा, संघ संस्था आदिको आवश्यकता र महत्व । | • सुनवर्षी नगरपालिका भित्र रहेका समाज र समुदायहरुको बनोट तथा स्थितिको बारेमा विद्यार्थीहरुलाई जानकारी दिई प्रस्ट पार्नु पर्दछ। जस्तै सुनवर्षी एउटा समाज भयो भने यो समाजभित्र धेरै समुदायहरु छन्। जस्तै राजवंशी समुदाय, केवरत समुदाय, ताजपुरिया समुदाय, गन्गाई समुदाय, सिटौला समुदाय, राई समुदाय, लिम्वू समुदाय, मुस्लिम समुदाय, हिन्दु समुदाय, क्रिस्चियन | • तपाई बस्ने समाजको बनोट कस्तो छ भनी सोध्ने।<br>• तपाई बस्ने समाजको नाम के हो भनी सोध्ने ।<br>• तपाई बस्ने समुदायको बनोट कस्तो छ भनी सोध्ने।<br>• तपाई कुन समुदायमा बस्नुहुन्छ भनी सोध्ने ।<br>• तपाईको समाजमा कस्ता जातजातका मानिसहरु बसोबास गर्दछन् भनी सोध्ने।<br>• समाज र समुदायबीचको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समुदाय आदि।<br>• विद्यार्थीहरुलाई समाज र समुदायको स्पष्ट धाराणा दिइनुपर्दछ जसले समाज र समुदायका बारेमा राम्रासँग बुझ्न सकोस् ।<br>• सुनवर्षीमा रहेका विभिन्न समुदायहरुको बनोट बारे छोटो जानकारी दिइनुपर्दछ ।<br>• स्थानीय विकासको लागि टोल, वडा, संघ संस्था आदिको आवश्यकता र महत्व बारे जानकारी दिइनुपर्दछ। जस्तै अहिले कुनै पनि टोलको विकास त्यो टोलको वडा तथा वडाको बजेटसँग प्रत्यक्ष | फरक भन्न लगाउने ।<br>• तपाईको गाउँघरमा के कस्ता संघ संस्थाहरु छन् भनी सोध्ने । अनि ती संस्थाहरुले के के काममा सहयोग गर्दछन् भनी सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जोडिएको हुन्छ । यसै गरी स्थानीय संघ संस्थाहरुले चासो दिएर सही ढँगबाट अगाडी बडेको खण्डमा स्थानीय ठाउँको विकासमा टेवा पुग्छ ।<br>• स्थानीय स्तरमा रहेका संघ संस्थाहरुको सूची सहित छोटो चिनारी दिएर प्रस्ट पार्ने । जस्तै नारी समूह, आमा समूह, टोल विकास समिति, जीवन विकास लघुवित्त, फर्वाड सहकारी संस्था लि. आदि । | | |
| ५. स्थानीय पेशा,व्यवसाय र आर्थिक | कृषि | • कृषि उत्पादनको महत्व बताउन । | • कृषि उत्पादन को महत्व ।<br>• | • कृषिजन्य उत्पादनहरु हामीलाई किन चाहिन्छ भन्ने | • कृषिजन्य उत्पादन ले मानव जीवनलाई कसरी सहज | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रियाकलाप | | | | विषयमा कक्षामा छलफल तथा अन्तरक्रियाको माध्यमबाट जवाफहरु लिनु पर्दछ ।<br>• मानव जीवन र आर्थिक सम्वृद्धिका लाथि कृषिजन्य उत्पादनहरु निकै महत्वपूर्ण छन् भनी विद्यार्थीहरुलाई प्रस्ट पार्नु पर्दछ ।<br>• स्थानीय रुपमा उत्पादन हुने कृषिजन्य उत्पादनहरु कसरी महत्वपूर्ण छन् भनी स्पष्ट पार्नु पर्दछ ।<br>• स्थानीय कृषि उत्पादनले स्थानीय विकासमा टेवा पुऱ्याउँछ भन्ने कुराको जानकारी पनि | बनाउँद छ भनी सोध्ने लेख्न लगाउने ।<br>• कृषिजन्य उत्पादनले परिवार धान्न कसरी सहयोग गर्दछ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• कृषिजन्य उत्पादनले त्यस ठाउँको विकासमा कसरी सहयोग गर्दछ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• कृषि उत्पादन कम हुदा वा नहुदा के हुन्छ भनी सोध्ने वा लेख्न लगाउने। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीलाई दिइनुपर्दछ । | | |
| | व्यापार | • व्यापार, पेशा र व्यवसायका फाइदाहरु बताउन ।<br>• | • व्यापार, पेशा र व्यवसायका फाइदाहरु । | • पहिला विद्यार्थीहरुलाई उनीहरुलाई थाहा भएसम्म व्यापार, पेशा र व्यवसायहरुबाट के कसरी फाइदा प्राप्त गर्न सकिन्छ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• उचित उदाहरण सहित व्यापार, पेशा र व्यवसायबाट कसरी आर्थिक लाभ तथा फाइदा लिन सकिन्छ भनी विद्यार्थीहरुलाई प्रस्ट पार्नु पर्दछ ।<br>• व्यापार, पेशा र व्यवसायबाट कस्ता फाइदाहरु हुन्छन् ती | • व्यापारबाट कस्तो फाइदा हुन्छ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• पेशाबाट कसरी फाइदा लिन सकिन्छ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• व्यवसायबाट कसरी फाइदा लिन सकिन्छ भनी सोध्ने वा लेख्न लगाउने ।<br>• मनिसले व्यापार, पेशा र व्यवसाय रोज्नुको कारण के हुन् भनी सोध्ने वा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | फाइदा तथा लाभका उदाहरणहरु दिएर प्रस्ट पार्नु पर्दछ । | लेख्न लगाउने । <br>• यी तीन मध्ये तपाई के रोज्नु हुन्छ र किन भनी सोध्ने वा लेख्न लगाउने । <br>• | |
| | उद्योग | • उद्योगका फाइदाहरु बताउन । <br>• | • उद्योगका फाइदाहरु । <br>• | • शिक्षकले बोर्डमा उद्योगका फाइदाहरु लेखी विद्यार्थीहरुलाई के हुन् भनी अनुमान गर्न लगाउनु पर्दछ र आवश्यक परे शिक्षकले थप सहयोग गर्नुपर्दछ । <br>• शिक्षकले बुँदागत रुपमा उद्योगका फाइदाहरु लेखी विद्यार्थीहरुलाई यस बारे प्रष्ट पार्नु पर्दछ । | • उद्योगबाट के कस्तो फाइदाहरु हुन्छन् भनी सोध्ने वा लेख्न लगाउने । <br>• बुँदागत रुपमा उद्योगका फाइदाहरु भन्न वा लेख्न लगाउने । <br>• स्थानीय उद्योगहरुबाट हुने फाइदाहरु भन्न वा लेख्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय स्तरमा रहेका उद्योगबाट स्थानीयबासिहरुलाई हुने फाइदा बारे पनि थप स्पष्ट पारिदिनु पर्दछ । | लगाउने । | |
| | पर्यटन | • पर्यटकीय क्षेत्रहरुको वर्गीकरण गर्न ।<br>• | • पर्यटकीय क्षेत्रहरुको वर्गीकरण ।<br>• | • बुँदागत रुपमा पर्यटकीय क्षेत्रहरुको वर्गीकरण गरी प्रस्ट पार्नु पर्दछ । जस्तै ऐतिहासिक, धार्मिक, साँस्कृतिक, सिमसार आदि ।<br>• सुनवर्षीको हकमा पर्यटकीय क्षेत्रहरुको वर्गीकरण गरी प्रस्ट पार्नु पर्दछ। सुनवर्षीको हकमा विशेष गरी धार्मिक, साँस्कृतिक र सिमसार गरी तीन क्षेत्रमा वर्गीकरण गर्न | • विद्यार्थीहरुलाई पर्यटकीय क्षेत्रहरुको वर्गीकरण गर्न लगाउने।<br>• विद्यार्थीहरुलाई पर्यटकीय स्थलहरुको सूची बोर्डमा लेखी कुन प्रकारको पर्यटकीय क्षेत्र हो भनी पहिचान गर्न लगाउने।<br>• सुनवर्षीका पर्यटकीय क्षेत्रहरुको नाम र वर्गीकरण गर्न लगाउने। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सकिन्छ भन्ने कुरा पनि विद्यार्थीहरु लाई प्रस्ट पार्नु पर्दछ।<br>• सुनवर्षीमा रहेका पर्यटकीय क्षेत्रहरुको नाम बारे प्रस्ट पारिदिनुपर्द छ । जस्तै सुनवर्षी महाराज थान, केचना पोखरी, चन्दन खाडी, झुबरी ताल आदि ।<br>• | • | |
| ६. स्थानीय खेलहरु र योगाभ्यास | स्वास्थ्य र स्थानीय स्तरमा खेलिने खेलहरुको परिचय | • त्रिकोणासनको परिचयको साथै नियम भन्न र अभ्यास गर्न ।<br>• दौडको परिचयको साथै नियम भन्न र अभ्यास गर्न ।<br>• | • त्रिकोणासनको परिचय, नियम र अभ्यास ।<br>• दौडको परिचय, नियम र अभ्यास ।<br>• | • त्रिकोणासनको परिचयको साथसाथै बुँदागत रुपमा नियमहरु लेखी प्रस्ट पार्नु पर्दछ।<br>• त्रिकोणासनको परिचय र नियमहरुको सिकाई पश्चात त्रिकोणासन | • विद्यार्थीहरुलाई त्रिकोणासनको परिचय र नियम भन्न वा लेख्न लगाउनु पर्दछ ।<br>• विद्यार्थीहरुलाई समूह समूहमा विभाजन गरी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | को अभ्यास गराउनु पर्दछ । यो अभ्यास विद्यार्थीहरुले पूर्ण रुपमा नजानुन्जेल अभ्यास दोहोरिया रहनु पर्दछ ।<br>• दौडको परिचयको साथसाथै बुँदागत रुपमा नियमहरु लेखी प्रस्ट पार्नु पर्दछ।<br>• दौडको परिचय र नियमहरुको सिकाई पश्चात दौडको अभ्यास गराउनु पर्दछ ।<br>• यस्ता अभ्यासहरु बेला बेला अभ्यास गराइराख्नुपर्दछ जसले विद्यार्थीहरुले सजिलै सम्झिदै अभ्यास गर्न सक्छन् ।<br>• | त्रिकोणासनको अभ्यास गराउनु पर्दछ र शिक्षकले अवलोकन गर्दै पृष्ठपोषन दिने गर्नु पर्दछ।<br>• विद्यार्थीहरुलाई दौडको परिचय र नियम भन्न वा लेख्न लगाउनु पर्दछ ।<br>• विद्यार्थीहरुलाई दौडको अभ्यास गर्न लगाउनु पर्दछ र शिक्षकले अवलोकन गर्दै पृष्ठपोषन दिने गर्नु पर्दछ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | योग तथा ध्यान | • योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरुको परिचय दिन ।<br>• योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरु गर्न ।<br>• | • योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरुको परिचय ।<br>• योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरु ।<br>• | • पहिला शिक्षकले योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरुको परिचय दिईनु पर्दछ ।<br>• प्रारम्भिक अभ्यासहरुको परिचय पश्चात पालो पालो गरी शिक्षकले सबै अभ्यासहरु गरेर विद्यार्थीहरुलाई देखाउनु पर्दछ । प्रारम्भिक अभ्यासमा शरीरलाई सन्तुलन गर्ने, मार्च पास गर्ने, लामो र गहिरो श्वास लिने र फ्याल्ने, पलेटी कसेर बस्ने, ध्यान गर्ने आदि पर्दछन् ।<br>• अभ्यासहरुको प्रदर्शन पश्चात विद्यार्थीहरुलाई ती | • योग तथा ध्यानका सामान्य प्रारम्भिक अभ्यासहरुको परिचय भन्न वा लेख्न लगाउनु पर्दछ ।<br>• समूहमा विभाजन गरी शिक्षकले निर्देशन दिएको अभ्यासहरु विद्यार्थीहरुलाई गर्न लगाउनु पर्दछ र शिक्षकले अवलोकन गर्दै आवश्यक परेको ठाउँमा पृष्ठपोषणा प्रदान गर्नुपर्दछ ।<br>• | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अभ्यासहरु सबैलाई पालो पालो गरी अभ्यास गराउनु पर्दछ ।<br>• अभ्यासहरु पूर्ण नहुन्जेलसम्म दोहोरियाएर अभ्यासहरु गराई रहनु पर्दछ । | | |

**कक्षा ६**

| क्षेत्र | मूख्य विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतिकरण | सिकाइ सहजिकरण क्रियाकलाप | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. स्थानीय जनसंख्या, वातावरण र जैविक विविधता | जातजात, जनसंख्या र वातावरण | • मुख्य बस्तीको चिनारी बताउन ।<br>• वडागत जनसंख्या बताउन ।<br>• वातावरण र मानब बीचको अन्तर्सम्बन्ध बुझी व्यक्त गर्न । | • मुख्य बस्तीहरुको चिनारी ।<br>• वडागत जनसंख्या ।<br>• वतावरण र मानवबीचको अन्तर्सम्बन्ध । | • सुनवर्षी नगरपालिका भित्रका मुख्य बस्तीहरुको नाम बोर्डमा लेखि तिनको अवस्थिति बताइदिने ।<br>• वडागत जनसंख्या चार्ट प्रदर्शन गरी क्रमशः सिकाउने।<br>• वतावरण र | • मुख्य बस्ती सम्बन्धी बहुवैकल्पिक प्रश्नहरु बोर्डमा लेखी हल गर्न लगाउने ।<br>• वडागत जनसंख्याको सूची तयार गर्न लगाउने ।<br>• वातावरण र मानव बीचको अन्तर्सम्बन्ध सम्बन्धी बुँदाहरु विद्यार्थीहरु | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मानवबीचको अन्तर्सम्बन्ध सम्बन्धी तथ्यहरु बुँदागत रुपमा बोर्डमा लेखि बुझाउने। | लाई भन्न लगाउने ।<br>• | |
| | भौगोलिक अवस्था | • सुनवर्षी नगरपालिकाका वडा र तिनका कार्यालयहरुको अवस्थिति बताउन ।<br>• सुनवर्षी नगरपालिकाको नक्सामा स्वास्थ्य तथा शैक्षिक संस्थाहरुको पहिचान गर्न ।<br>वडा समितिका काम-कर्तव्यहरु बताउन । | • सुनवर्षी नगरपालिकाका वडाहरुको अवस्थिति ।<br>• सुनवर्षी नगरपालिकाका वडा कार्यालयहरुको अवस्थिति ।<br>• सुनवर्षी नगरपालिको नक्सामा स्वास्थ्य संस्थाहरुको पहिचान ।<br>• सुनवर्षी नगरपालिको नक्सामा शैक्षिक संस्थाहरुको पहिचान । | • सुनवर्षी नगरपालिकाको नक्साको अध्ययन गराउने ।<br>• विभिन्न संकेतहरुको पहिचान गराउने ।<br>• वडाहरुको दिशा र टोलहरुको नाम बताउने ।<br>• वडा कार्यालयहरु रहेको टोल तथा गाउँको नाम बताउने ।<br>• नक्सामा भएका स्वास्थ्य संस्थाहरु पहिचान गर्न लगाउने । | • सुनवर्षी नगरपालिकाका वडाहरुको दिशा र टोल तथा गाउँ बनाउन भन्ने ।<br>• वडा कार्यालयहरु स्थित रहेको टोल तथा गाउँ भन्न लगाउन ।<br>• स्वास्थ्य संस्थाहरुको संख्या र तिनको अवस्थिति ( टोल/गाउँ) भन्न लगाउने ।<br>• बहु वैकल्पिक प्रश्न बोर्डमा लेखि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • नक्सामा भएका शैक्षिक संस्थाहरु पहिचान गर्न लगाउने ।<br>• शिक्षण सिकाईको क्रममा विद्यार्थीहरु बाट सम्बन्धित संस्थाहरुको खोजी गराई टिपोट गर्न गरिदिने। ज्वाफ नआएको कुरा शिक्षकले बताइदिने । | विद्यार्थीहरु लाई हल गर्न लगाउने ।<br>• | |
| | जैविक विविधता | • स्थानीय चराहरुको संरक्षणको अवस्था बताउन ।<br>• वनको परिचय र प्रकार बताउन ।<br>• स्थानीय वनको काम र ठेगाना बताउन । | • स्थानीय चराहरुको<br>• संरक्षणको अवस्था ।<br>• वनको परिचय ।<br>• वनको प्रकार ।<br>१. निजि वन<br>२. कबुलियत वन<br>३. धार्मिक वन | • स्थानीय चराहरुको संरक्षणका उपायहरु स्पष्ट पारिदिने ।<br>• स्थानीय निकायहरु बाट चराहरु संरक्षणको अवस्थाबारे जानकारी दिने ।<br>• वनको परिचय बताउने । | • चराहरुको संरक्षण बारे स्थानीय निकायबाट गरिएको व्यवस्थापन बताउन लगाउने ।<br>• संरक्षणको वर्तमान अवस्था भन्न लगाउने।<br>• वनको परिचय भन्न वा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४ सामुदायिक वन<br>५. राष्ट्रिय वन.<br>• वनहरुको काम<br>• वनहरुको ठेगाना( टोल/गाउँ/ वडा) | • वनका प्रकारहरु विदार्थीहरु बाट सोधी टिपोट गरिदिने र पृष्ठपोषण दिने ।<br>• स्थानीय वनहरुको नाम सकभर विद्यार्थीहरु बाट लिई टिपोट गर्ने।<br>• वनहरुको ठेगाना बोर्डमा अङ्कित गराउने ।<br>• | लेख्न लगाउने ।<br>• वनको प्रकार भन्न वा लेख्न लगाउने । | |
| | जलस्रोत | • जलस्रोतको संरक्षण तथा व्यवस्थापन को परिचय बताउन ।<br>• जलस्रोतको व्यवस्थापन को महत्व बताउन ।<br>• सुनवर्षीमा अवस्थित पोखरीहरुको नाम र अवस्थिति बताउन । | • जलस्रोत व्यवस्थापनको परिचय ।<br>• जलस्रोत व्यवस्थापनको महत्व ।<br>• सुनवर्षीका मुख्य पोखरीहरु को नाम ।<br>पोखरीहरुको अवस्थिति । | • जलस्रोत व्यवस्थापन को परिचय उल्लेख गर्ने ।<br>• जलस्रोत व्यवस्थापन का महत्वका बुँदाहरु टिपोट गरी व्याख्या गर्ने ।<br>• सुनवर्षीका मुख्य पोखरीहरुको नाम बताई बोर्डमा | • जलस्रोतको व्यवस्थापनको परिचय दिन लगाउने<br>• जलस्रोतको व्यवस्थापनको महत्व भन्न वा लेख्न लगाउने ।<br>• सुनवर्षीका मुख्य पोखरीहरु को नाम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कित गर्ने।<br>• पोखरीहरुको अवस्थिति( नाम र ठेगाना) उल्लेख गरी बताउने ।<br>• | भन्न वा लेख्न लगाउने ।<br>• पोखरीहरुको ठेगाना भन्न वा लेख्न लगाउने<br>• | |
| | वातावरणा प्रदूषण | • स्थानीय वातावरण प्रदूषणका कारणहरु बताउन ।<br>• प्रदूषणका प्रभावहरु बुझी व्यक्त गर्न । | • स्थानीय वातावरणमा प्रदूषणका कारणहरु ( जल, जमिन, वायु र ध्वनी प्रदूषण)<br>• प्रदूषणका प्रभावहरु ( जल, जमिन, वायु र ध्वनी प्रदूषण)<br>• | • जल, जमिन, वायु र ध्वनी प्रदूषण्का कारणहरु क्रमशः स्पष्ट पारी बोध गरायने ।<br>• विद्यार्थीहरुलाई कारण भन्न प्रोत्साहित गर्ने ।<br>• जल, जमिन, वायु र ध्वनी प्रदूषणका प्रभावहरु क्रमशः उल्लेख गरी स्पष्ट पार्ने । | • निम्न क्षेत्रमा स्थानीय वातावरण प्रदूषण्का कारणहरु सोधी टिपोट गरिदिने ।( जल, जमिन, वायु र ध्वनी)<br>• क्रमशः जल, जमिन, वायु र ध्वनी प्रदूषणका प्रभावहरु व्यक्त गर्न वा टिपोट गर्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • | | |
| | फोहोर-मैला व्यवस्थापन | • फोहोरमैला व्यवस्थापनको परिचय बताउन ।<br>• फोहोरमैला न्युनिकरणका उपायहरु बुझी व्यक्त गर्न ।<br>• | • फोहोरमैला व्यवस्थापनको परिचय ।<br>• फोहोरमैला न्युनिकरणका उपायहरु ।<br>• | • फोहोरमैलाको परिचय बोर्डमा उल्लेख गरी स्पष्ट पार्ने ।<br>• फोहोरमैला न्युनिकरणका उपायहरु सकभर विद्यार्थीको छलफल टिपोट गरिदिने ।<br>• बाँकी बुँदाहरु शिक्षकले बताइदिने । | • फोहोरमैलाको परिचय आ-आफ्नो पुस्तकमा लेख्न लगाउने र शिक्षकले पृष्ठपोषण दिने ।<br>• फोहोरमैला न्युनिकरणका उपायहरु भन्न वा लेख्न लगाउने ।<br>• | |
| २. प्रकोप तथा विपद् व्यवस्थापन | प्रकोप तथा विपद्को परिचय, वर्गीकरण र व्यवस्थापन तथा बच्ने उपायहरु । | • प्राकृतिक विपद्हरुको रोकथाम वा न्युनिकरणका उपायहरु बताउन ।<br>• सवारी दुर्घटनाबाट बच्ने उपाउहरु बताउन ।<br>• | • प्राकृतिक विपद्हरुको रोकथाम वा न्युनिकरणका उपायहरु ।<br>• सवारी दुर्घटनाबाट बच्ने उपाउहरु ।<br>• । | • प्राकृतिक विपद्हरुको रोकथाम वा न्युनिकरण गर्ने उपायहरु बोर्डमा लेखी स्पष्ट गर्ने ।<br>• विभिन्न सवारी साधनहरुबाट हुने दुर्घटनाबाट बच्ने उपायहरु सकभर | • प्राकृतिक विपद्हरुको रोकथाम वा न्युनिकरण गर्ने उपायहरु भन्न वा लेख्न लगाउने ।<br>• सवारी दुर्घटनाबाट बच्ने उपाउहरु भन्न वा लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भन्न लगाई टिपोट गर्ने र बाँकी उपायहरु शिक्षकले लेखेर स्पष्ट पारिदिने । | | |
